annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९६, पृष्ठ ८ | काठमाडौं, मंगलबार १९ साउन २०८३ | श्रावण कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४६ | TUESDAY, AUGUST 4, 2026 | मूल्य : रु. १०

सर्वोच्चमा 'क्रमभंगता'को कम्पन

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले रोलक्रम बाहिरका कनिष्ठ न्यायाधीशहरूलाई समेटेर संवैधानिक इजलास तोकेपछि बार र बेन्चबीचको दूरी बढ्दै गएको छ। विवाद मत्थर पार्न सर्वोच्चको फुलकोर्ट बोलाउने तयारीसमेत भएको छ। संवैधानिक इजलास गठन गर्दा वरिष्ठता र विगतको परम्परा मिचिएको भन्दै नेपाल बार एसोसिएसन असन्तुष्ट छ।

दिनेश गौतम | *काठमाडौं*

विस्तृत पृष्ठ २



१५ दिनको वाचा, '१०० दिन'को पर्खाइ

अधिकार माग्दै फेरि माइतीघरमा सुकुम्बासी

निमा योञ्जन | *काठमाडौं*

भूमिहीन सुकुम्बासीहरू आफ्ना माग सरकारसमक्ष पुनः पुऱ्याउन सोमबार माइतीघर मण्डलामा प्रदर्शनमा उत्रिएका छन्। संविधानले सुनिश्चित गरेको भूमिहीन सुकुम्बासीको अधिकार अहिलेसम्म कार्यान्वयन नभएको भन्दै उनीहरूले सरकारविरुद्ध विरोध जनाएका हुन्। सरकारले सुकुम्बासी समस्या १५ दिनभित्र समाधान गर्ने प्रतिबद्धता जनाएर डोजर लगाएर उठाएको थियो। १०० दिन बितिसक्दा पनि अवस्था जस्ताको तस्तै रहेको उनीहरूको गुनासो छ। सरकारले आफूहरूलाई बेवास्ता गरेको आरोपसमेत उनीहरूले लगाएका छन्।

संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका महासचिव अर्जुन कुँवरले वैशाख १२ गते देशभरका सुकुम्बासीलाई उठिबास गराएर १५ दिनभित्र व्यवस्थापन गर्ने सरकारी प्रतिबद्धता कार्यान्वयन नभएकाले सरकारलाई १०० दिनमा के गऱ्यो भन्ने प्रश्न गर्न माइतीघरमा आउनु परेको बताए।

'हालका प्रधानमन्त्री वालेन्द्र शाह काठमाडौं महानगरपालिकाका मेयर हुँदा २०७९ भदौ २९ गते तत्कालीन राष्ट्रिय भूमि आयोगसँग स्थानीय सहमति गर्नुभएको थियो। तर अहिले प्रधानमन्त्री बनेपछि त्यही सहमतिविपरीत काम गर्नुभयो,' उनले भने। प्रधानमन्त्रीजस्तो शक्तिशाली पदमा बसेर सुकुम्बासी समुदायप्रति पूर्वाग्रहपूर्ण र बदनियतका साथ कुनै सूचना नै नदिई अमानवीय ढंगले उठिबास गराइएको उनको आरोप छ। कुँवरका अनुसार करिब ४ हजार सुकुम्बासी परिवारको घर भत्काइँदा झन्डै २० अर्ब रुपैयाँबराबरको क्षति भएको छ।



> 'बाखा, भेडा र च्याङ्ग्रालाई पनि छुट्टाछुट्टै राखिन्छ, तर तीन परिवारलाई एउटै कोठामा राखेर गोपनीयता र स्वतन्त्रताको अधिकार खोसिएको छ।'

'यो क्षतिको जिम्मेवारी कसले लिने ? प्रधानमन्त्रीको निर्णयको भार राज्यले बोक्ने हो ? सहकारी पीडितलाई जस्तै फेरि जनताको करबाट क्षतिपूर्ति तिर्ने हो ?' उनले प्रश्न गरे। उठिबासपछि धेरै बालबालिका विद्यालय जानबाट वञ्चित भएको पनि उनले बताए। 'चार महिनादेखि शिक्षाबाट वञ्चित भएका बालबालिकाको मानसिक विकासमा गम्भीर असर परेको छ। यसले भविष्यमा राज्यप्रति नकारात्मक भावना विकास गराउन सक्छ,' उनले भने। 'के सरकारले आफ्नै नागरिकलाई अपराधी बनाउने वातावरण सिर्जना गर्न खोजेको हो ?' उनको प्रश्न छ।

» बाँकी पृष्ठ ६


'शरणार्थीको मिर्गौला प्रत्यारोपण नरोक्नू'

सागर घले | *काठमाडौं*

सर्वोच्च अदालतले भुटानी शरणार्थीको हैसियतमा नेपालमा बसोबास गर्दै आएका दम्पतीलाई मिर्गौला प्रत्यारोपण सेवा उपलब्ध गराउन परमादेश जारी गरेको छ। कानुनी व्यवस्था स्पष्ट नभएको भन्दै प्रत्यारोपण गर्न अस्वीकार गरेको निजी अस्पतालको निर्णय अदालतले बदर गरेको हो। न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले सोमबार अश्विनी मेडिकल कलेज एन्ड हस्पिटल प्रालिको मिर्गौला प्रत्यारोपण स्वीकृति समितिको २०८३ असार ८ गतेको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गर्दै आवश्यक कानुनी प्रक्रिया पूरा गरी निवेदिकालाई मिर्गौला प्रत्यारोपण सेवा उपलब्ध गराउन परमादेश जारी गरेको हो।

झापाको बेलडाँगीस्थित भुटानी शरणार्थी शिविरमा बसोबास गर्दै आएका खर्कबहादुर गजमेरले आफ्नी श्रीमती सारा गजमेरको मिर्गौला प्रत्यारोपणका लागि अनुमति नदिएको भन्दै अस्पतालविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

» बाँकी पृष्ठ ६



मधेस मन्थन : सद्भावको संकल्प

मधेस चाहन्छ सद्भाव

मनिका झा | *जनकपुरधाम*

मधेस यतिबेला हिंसात्मक घटनाका कारण त्रासदीमा छ। पछिल्ला वर्षहरूमा विभिन्न राजनीतिक द्वन्द्व र प्रतिशोधहरूको सिकार मधेस बन्न पुग्यो। यहाँको विकास र समृद्धिलाई मतलब नै नगरी वैमनस्यको भूमिका रूपमा चित्रण गर्ने प्रयास भइरहेको छ। तर, यो सत्य होइन। अब मधेसले सद्भाव चाहेको छ, समृद्धि खोजेको छ, हार्दिकता चाहेको छ। यहाँका मानिसहरूले अवसर र सम्भावना चाहेका छन्। अन्नपूर्ण डायलगमा हामीले 'मधेस मन्थन: सद्भावको संकल्प' शृंखलाबद्ध रूपमा सुरु गरेका छौं। यही क्रममा समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूसँग भएको संवाद यहाँ प्रस्तुत गरिएको छ:

» विस्तृत पृष्ठ २



मधेसलाई राज्यले सकारात्मक दृष्टिकोणले हेर्नुपऱ्यो।

जीवनाथ चौधरी
अध्यक्ष, मैथिली विकास कोष, जनकपुरधाम



धार्मिक सहिष्णुता र अपनत्वको विकास चाहिएको छ।

रामरोशन दास
उत्तराधिकारी महन्थ, जानकी मन्दिर



हाम्रो पवित्र भूमिलाई बदनाम नगरौं।

असगर अली
पूर्वउपप्रमुख, जनकपुरधाम उपमहानगरपालिका



हामी अर्काको लहलहैमा लागेर मधेस बिगार्ने काम नगरौं।

शिला मिश्रा
पूर्वसदस्य, मधेस नीति आयोग, मधेस प्रदेश



सहअस्तित्व, सद्भाव र संयमता जरुरी।

दिवाकर उप्रेती
युवा अभियन्ता, जनकपुरधाम

संवैधानिक इजलास गठन

परम्परा तोडिएपछि नेपाल बार असन्तुष्ट

दिनेश गौतम | *काठमाडौं*



२०८३ साउन १३

संवैधानिक इजलासमा न्यायाधीशहरू: डा. मनोजकुमार शर्मा, सपना प्रधान मल्ल, विनोद शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमान।

●●●

२०८३ असार ३१

संवैधानिक इजलासमा न्यायाधीशहरू: प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित हरिप्रसाद फुयाँल, विनोद शर्मा, सारंगा सुवेदी र टेकप्रसाद ढुंगाना।

●●●

२०८३ असार २४

संवैधानिक इजलासमा न्यायाधीशहरू: प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मासहित सपना प्रधान मल्ल, विनोद शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमान।

●●●

संवैधानिक विवादहरू हेर्न गठित संवैधानिक इजलास गठनमा क्रमभंगता भएको छ। डा. मनोजकुमार शर्मा प्रधानन्यायाधीश नियुक्त भएपछि गठित संवैधानिक इजलास गठनमा क्रमभंगता भएको हो। डा. शर्मा गत जेठ १९ गते प्रधानन्यायाधीशमा नियुक्त भएका हुन्।

संवैधानिक इजलास गठनमा यसअघिको परम्परा र मान्यताविपरीत भएको उल्लेख गर्दै नेपाल बार एसोसिएसनले प्रधानन्यायाधीश शर्माको ध्यानाकर्षण गराएको छ। बारका महासचिव केदारप्रसाद कोइराला भन्छन्, 'प्रधानन्यायाधीशको छनोटबाट न्यायाधीश चयन गरेर इजलास गठन हुँदा टीकाटिप्पणी भइरहेकाले ध्यानाकर्षण गराएका हौं।' यसै विषयमा बुधबार सर्वोच्च अदालतका न्यायाधीशहरूको पूर्ण बैठक (फुलकोर्ट) बस्ने सर्वोच्च स्रोतले जनाएको छ।

बार र बेन्चबीच दूरी बढ्दै

भनिन्छ- बार र बेन्चबीच निकट सम्बन्ध हुनुपर्छ। तर, संवैधानिक इजलास गठनलगायतका कारणहरूले गर्दा बेन्च र बारको दूरी बढ्दै गएको छ।

यसअघिको परम्परा र मान्यताविपरीत संवैधानिक इजलास गठन गरेपछि कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसन असन्तुष्ट देखिएको छ। बारले सर्वोच्च अदालतको पूर्णबैठक बसी आवश्यक निकासका लागि अनुरोधसमेत गरेको छ। शर्मा प्रधानन्यायाधीश भएपछि परम्परा र मान्यताविपरीत संवैधानिक इजलास गठन गरिएको बारको दाबी छ।

पछिल्लो पटक साउन १३ गतेको संवैधानिक इजलासमा भने रोलक्रमबाहिर रहेका न्यायाधीश समेटेर इजलास गठन गरिएको थियो। प्रधानन्यायाधीश शर्माको नेतृत्वमा गठित इजलासमा सपना प्रधान मल्ल, विनोद शर्मा, सारंगा सुवेदी र अब्दुल अजीज मुसलमान रहेका थिए। सपना प्रधानपछि कुमार रेग्मी, हरिप्रसाद फुयाँल र नहकुल सुवेदी वरिष्ठ मानिन्छन्। तर, इजलास गठनमा रेग्मी, फुयाँल र सुवेदीभन्दा कनिष्ठ न्यायाधीशलाई समावेश गरिएको छ।

नेपाल बार एसोसिएसनका महासचिव कोइरालाका अनुसार यसअघिको परम्परा र मान्यताविपरीत संवैधानिक इजलास गठन गरिएकोमा व्यापक गुनासो आएको छ। गुनासोबारे बारको तर्फबाट प्रधानन्यायाधीश डा. शर्मासमक्ष पटक-पटक ध्यानाकर्षण पनि गराइएको कोइरालाले बताए। 'संवैधानिक इजलास गठनमा निश्चितता र एकरूपता होस् भन्ने हाम्रो मनाइ हो,' कोइरालाले अन्नपूर्ण पोस्टसँग भने, 'बारले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि कार्यान्वयन भएको छैन। यसले गर्दा बार-बेन्चबीचको दूरी बढ्ने दिशातिर उन्मुख छ।'



मनोजकुमार शर्मा, प्रधानन्यायाधीश



विजयप्रसाद मिश्र, अध्यक्ष, नेपाल बार एसोसिएसन

बिहीबार बसेको बार एसोसिएसनको केन्द्रीय कार्यसमितिसहित सल्लाहकारहरूसँगको संयुक्त बैठकले पनि वरिष्ठताको आधार वा रोस्टरमा रहेका न्यायाधीशहरूको बीचमा गोला गराई संवैधानिक इजलास गठन गर्नुपर्ने सुझाव दिएको थियो।

बार महासचिव कोइरालाका अनुसार वरिष्ठता र रोस्टरमा रहेका न्यायाधीशहरूबीचमा गोला गराई संवैधानिक इजलास गठन गरी जनआस्था अभिवृद्धि गर्न उपयुक्त हुने सुझाव प्राप्त भएको छ। सल्लाहकारहरूसँगको बैठकबाट प्राप्त सुझावअनुसार संवैधानिक इजलास गठनका लागि सर्वोच्च अदालतको पूर्ण बैठक बसी आवश्यक निकासका लागि समेत बारले अनुरोध गरेको छ।

२०७२ सालमा नेपालको संविधानको धारा १३७ बमोजिम सर्वोच्च अदालतमा एक संवैधानिक इजलासको व्यवस्था गरिएको हो। संवैधानिक इजलासमा प्रधानन्यायाधीशसहित न्यायपरिषद्ले सिफारिस गरेको सूचीमा रहेका न्यायाधीशहरूमध्येबाट प्रधानन्यायाधीशले तोकेका अन्य ४ जना न्यायाधीश रहने व्यवस्था छ। संघ, प्रदेश वा स्थानीय तहबीचको अधिकार क्षेत्रको विवाद र संघीय संसद वा प्रदेशसभाका सदस्यको निर्वाचन वा अयोग्यतासम्बन्धी मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार पनि संवैधानिक इजलासलाई रहेको छ।

यसका अतिरिक्त सर्वोच्चमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएको देखिएमा त्यस्तो मुद्दा संवैधानिक इजलासबाट हेर्ने गरी तोक्न सक्ने अधिकार प्रधानन्यायाधीशलाई रहेको छ। संघीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र संघीय संसदका सदस्य वा प्रदेशसभा सदस्यको अयोग्यतासम्बन्धी विवाद पनि संवैधानिक इजलासले हेर्ने संवैधानिक व्यवस्था रहेको छ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले रोस्टरमा रहेका न्यायाधीशहरूबीचमा प्रधानन्यायाधीशबाट संवैधानिक व्यवस्थाअनुसार नै इजलास गठन हुँदै आएको बताए। 'संवैधानिक व्यवस्थाअनुसार नै नियमित रूपमा बुधबार संवैधानिक इजलास गठन हुँदै आएको छ,' उनले भने।

नेपाल बार एसोसिएसनकी पूर्वमहासचिव अञ्जिता खनालले संवैधानिक इजलास गठनमा वरिष्ठतालाई ध्यान दिने गरिएकोमा यसपटक परम्परा तोडिएको बताइन्। अधिवक्ता खनालले अन्नपूर्णसँग भनिन्, 'इजलास गठनमा वरिष्ठताअनुसार हुने विगतको परम्परा हो। यस पटक परम्परा भत्किएको छ। परम्पराअनुसार इजलास गठन भए हुन्थ्यो भन्ने कानुन व्यवसायीको चाहना हो।'



संवैधानिक व्यवस्था र स्थापित प्रक्रियाअनुसार नै प्रधानन्यायाधीशज्यूबाट संवैधानिक इजलास गठन हुँदै आएको हो। रोस्टरमा रहेका न्यायाधीशहरूमध्येबाटै नियमपूर्वक इजलास तोकिएकाले कुनै परम्परा वा नियम मिचिएको छैन। नियमित रूपमा बुधबार बस्ने इजलास संविधानकै परिधिभित्र रहेर सञ्चालन भइरहेको छ।

अर्जुनप्रसाद कोइराला
प्रवक्ता, सर्वोच्च अदालत



संवैधानिक इजलास गठनमा निश्चितता र एकरूपता हुनुपर्छ भन्ने हाम्रो स्पष्ट माग हो। विगतको परम्परा र वरिष्ठतालाई मिचेर स्वविवेकका आधारमा न्यायाधीश तोकिँदा बार-बेन्चबीचको दूरी बढ्दै गएको छ। हामीले पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएकाले न्यायप्रणालीप्रतिको जनआस्था जोगाउन फुलकोर्ट बैठकबाटै यसको निकास खोजिनुपर्छ।

केदारप्रसाद कोइराला
महासचिव, नेपाल बार एसोसिएसन

मधेस मन्थन : सद्भावको संकल्प

उक्साहट र अफवाहबाट जोगिँदै मधेस

पछिल्ला केही घटनाक्रमका कारण अशान्त र त्रसित बनेको मधेस यतिबेला पुनः सद्भाव, सहअस्तित्व र समृद्धिको खोजीमा छ। राजनीतिक प्रतिशोध र धार्मिक सन्तुलन बिगार्ने प्रयासहरू भइरहँदा मधेसका बुद्धिजीवी, नागरिक समाज र धार्मिक अगुवाहरूले बाहिरी उक्साहट र अतिवादबाट जोगिन आह्वान गरेका छन्। राज्यको सकारात्मक दृष्टिकोण, दोषीमाथि निष्पक्ष छानबिन र वैचारिक चेतनाको विकासबाट मात्रै मधेसको वास्तविक शान्ति र समृद्धि सम्भव हुने उनीहरूको निष्कर्ष छ।

मनिका झा | *जनकपुरधाम*

मधेसलाई राज्यले सकारात्मक दृष्टिकोणले हेर्नुपर्‍यो



जीवनाथ चौधरी
अध्यक्ष, मैथिली विकास कोष, जनकपुरधाम

मधेसमा विगत र अहिलेको अवस्था फरक छ। यो भूमिलाई राजनीतिका लागि मात्रै प्रयोग गर्ने गरिन्छ। मधेस आन्दोलनभन्दा अगाडिको परिवेश भिन्दै थियो। तर, नागरिकता टोलीबाट टोलपिच्छे नागरिकता बाडिँदा सीमापारिबाट आएर नागरिकता बनाउनेहरूले यस भूमिलाई आफ्नो ठानेकै छैनन् जस्तो मलाई लाग्छ। पछिल्ला आन्दोलनहरूमा एउटा कुरा निकै विचार गर्नुपर्ने थियो। यहाँका सार्वजनिक सम्पत्तिहरू नाश गर्ने र उत्पात मच्चाउनेहरूमा ती बाहिरबाट आएका तत्वहरूको पनि हात छ जस्तो मलाई लाग्छ। त्यसैले यी कुराहरूको पनि विश्लेषण हुनु जरुरी छ।

अर्कोतर्फ मधेसलाई राज्यले हेर्ने दृष्टिकोण सकारात्मक र सद्भावपूर्ण हुनुपर्छ। यो धर्तीलाई मात्रै राजनीतिका लागि प्रयोग नगरेर विकास र समृद्धिका लागि पनि प्रयोग गरिनुपर्छ। पछिल्लो पटक भएका द्वन्द्वका घटनामा क-कसको संलग्नता रहेछ भन्ने विषयमा जाँचबुझ गर्न उच्चस्तरीय समिति नै बनाएर सरकारले गहन छानबिन गर्नु जरुरी छ। दोषीहरूलाई कडाभन्दा कडा कारबाही भयो भने मात्रै आगामी दिनहरूमा गलत क्रियाकलाप र हिंसा फैलाउनेहरूको मनोबल निस्तेज गर्न सकिन्छ।

●●●

धार्मिक सहिष्णुता र अपनत्वको विकास चाहिएको छ



रामरोशन दास
उत्तराधिकारी महन्थ, जानकी मन्दिर

यो देश बहुभाषिक र बहुधार्मिक भए पनि बहुसंख्यकहरूको आस्थाको सम्मान गरिनुपर्छ। कुनै समय थियो, जब यहाँ हिन्दुहरूको घरमा छठको तयारी भइरहँदा मुस्लिम समुदायका छिमेकीहरू त्यसमा सघाउन आउँथे। यहाँ दसैं र दाहाको मेला सँगसँगै लाग्थ्यो। तर, अहिले अवस्था फरक छ। धर्मका नाममा एकअर्कालाई लडाएर आफ्नो राजनीतिक र व्यक्तिगत स्वार्थ पूर्ति गर्न खोज्नेहरूले रोपेको बिउलाई हामी मधेसवासीहरूले मलजल गर्नु हुँदैन। जबसम्म हामी एकअर्काको सम्मान गर्दैनौं, तबसम्म समाज बलियो र सबल हुन सक्दैन।

सबै धर्मले एउटै बाटो देखाएका छन् र त्यो हो शान्ति र सद्भावको बाटो। हामी अब सद्भावको बाटोमा गएनौं भने यसको विपरीत परिस्थितिले हाम्रा पुस्ताहरूलाई प्रभावित पार्छ। त्यसैले सबै मिलेर गलत क्रियाकलाप, गलत मनोभावना र गलत प्रयोगहरूलाई निस्तेज गर्न लाग्नुपर्छ।

●●●

हाम्रो पवित्र भूमिलाई बदनाम नगरौं



असगर अली
पूर्वउपप्रमुख, जनकपुरधाम उपमहानगरपालिका

म मधेस प्रदेशवासी भएर सधैं गौरवान्वित हुन्छु। यो पवित्र जनकपुरधाम विश्वकै हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र हो। यो प्रेम र सद्भावको स्थल हो। यहाँ हरेक पर्व समान हर्षोल्लासका साथ मनाइन्छ। यो त दुनियाँकै दस्तुर हो कि बहुसंख्यकलाई प्राथमिकता दिनुपर्छ, सम्मान गर्नुपर्छ र अल्पसंख्यकहरू तिनीहरूसँगै मिलेर बस्नुपर्छ। तर, यस्ता सम्मानहरूमा कमी ल्याउने प्रयास बाहिरी तत्वहरू र केही अतिवादीहरूबाट हुन्छ। यस्ता मधेस विरोधी व्यक्ति, शक्ति र षड्यन्त्रकारीहरूलाई पहिचान गरिनुपर्छ। यस्ता दोषीहरूलाई समाजले कडाइका साथ नियन्त्रण गर्नुपर्छ। अफवाहहरूको पछाडि नलागी हामी सबैले सद्भाव कायम गरेर जनकपुरधाम र मधेसलाई बदनाम नगरी शान्तिपूर्वक बसोबास गर्नु नै हामी सबैका लागि कल्याणकारी हुन्छ।

●●●

हामी अर्काको लहलहैमा लागेर मधेस बिगार्ने काम नगरौं

अहिले हाम्रो समाजमा मानवताको भावना नै हराएको छ जस्तो लाग्छ। वास्तविक जनताले कुनै पनि हिंसा, द्वन्द्व वा प्रतिशोध चाहेका छैनन्। तर, आफ्नो मुद्दा साध्नका लागि केही समूह, केही राजनीतिक दल र केही व्यक्तिहरूले अशान्तिको वातावरण सिर्जना गर्दै आएका छन्। एउटा कुरा बुझ्न आवश्यक छ– यदि हाम्रै घरमा बाहिरबाट आएका कसैले फुट ल्याउन खोज्दा हामीले आफ्नो बुद्धि-विवेक पुऱ्याएनौं भने हामी बर्बाद हुन्छौं। समाजमा पनि यही अवस्था छ। अर्काले भनेअनुसार हामी प्रयोग हुनुहुँदैन, आफ्नो विवेक प्रयोग गर्नुपर्छ। यो हरेक कुरामा लागू हुन्छ। यदि राजनीतिमै गलत अभ्यास भइरहेको छ भने हामी त्यसमा लाग्नु भएन। धर्मकै मामिलामा यदि कसैले हामीलाई बहकाउन खोजेको छ भने हामी सचेत भएर पहिला सोच्नुपर्छ। मधेसवासीले अब आफ्नो हितमा सोच्नुपर्छ, न कि अर्काको हितका लागि प्रयोग हुनुपर्छ।



शिला मिश्रा
पूर्वसदस्य, मधेस नीति आयोग, मधेस प्रदेश



दिवाकर उप्रेती
युवा अभियन्ता, जनकपुरधाम

●●●

सहअस्तित्व, सद्भाव र संयमता जरुरी

मधेसमा अहिले सहअस्तित्व, सद्भाव र संयमताको आवश्यकता छ। तर, यो सब कायम गर्नका लागि हामीले एउटा चेतनाशील समाज निर्माण गर्न सक्नुपर्छ। चेतनाशील समाज निर्माणमा चुनौती कहाँ छ भने, हामी लोकतान्त्रिक अभ्यासमा गएदेखि नै सरकारमा रहेका नेतृत्वकर्ताहरूले मठमन्दिर, गुम्बा, चर्च र मदरसा निर्माणका लागि बजेट त छुट्याए, तर त्यसमा सहअस्तित्व कायम गराउनका लागि पुस्तकालय र पठन संस्कृतिको विकास हुने ठाउँहरू (जहाँ युवा र बौद्धिक वर्गहरूले गएर आफ्नो चेतनाको विकास गर्न सक्थे) निर्माणमा ध्यान दिन सकेनन्।

जसले गर्दा विचारमाथिका छलफलहरू रोकिए, सद्भावपूर्ण वातावरण निर्माणमा बाधा उत्पन्न भयो, अनि धर्मकै विषयमा जुन खुलस्त छलफलहरू हुनुपर्ने थियो, त्यो हुन सकेन। यसले गर्दा आजको दिनमा मधेसको सद्भावलाई थप बलियो बनाउने आधार गुमेको जस्तो लाग्छ। अबको आवश्यकता मधेसमा चेतनाको अभिवृद्धि र बौद्धिक विकासमा लगानी गर्नु हो। यसतर्फ सरकार लाग्नुपर्छ।

ग्यासका लागि घण्टौं लाइन

निगमको दाबी- अभाव होइन, हल्ला



आयल निगम अगाडि सोमबार ग्यासको लाइनमा बसेका उपभोक्ता। ● अभिषेक महर्जन

किरण अधिकारी | *काठमाडौं*

कैलालीको टीकापुर घर भई काठमाडौं बस्दै आएकी निर्मला कठायत तीन दिनदेखि खाना पकाउने ग्यासको खोजीमा थिइन्। तीन दिनसम्म खोज्दा पनि ग्यास नपाएपछि सोमबार नेपाल आयल निगमको टेकुस्थित डिपोबाट बल्ल सिलिन्डर भर्न सफल भइन्।

भर्खर स्नातक चौथो वर्षको परीक्षा सकेकी उनी भन्छिन्, 'आजसम्म यस्तो ग्यास अभाव कहिल्यै देखेकी थिइनँ। यसपटक भने तीन दिनसम्म ग्यास खोज्नुपऱ्यो। दुई दिन कोठा नजिक खोजें, पाइएन। आज निगमले ग्यास वितरण गर्ने भनेपछि टाढाबाट आएर लिएँ।' ग्यास पाए पनि उनले सहज सेवा भने पाइनन्। आफ्नो पालो आउन करिब तीनदेखि चार घण्टा लाइनमा बस्नु परेको उनको गुनासो छ।

बाँकेका सुबोधकुमार जयसवाल विगत १४ वर्षदेखि काठमाडौंमा मजदुरी गर्दै आएका छन्। उनको अनुभवमा यसअघि कहिल्यै यस्तो ग्यास अभाव भएको थिएन।

पाँच दिनदेखि खाना पकाउने ग्यास खोजिरहेका उनी सोमबार नेपाल आयल निगमको टेकु डिपोबाट सिलिन्डर लिएर फर्किए। तर, ग्यास पाउन उनलाई पनि सहज भएन। बिहान १० बजेदेखि लाइनमा बसेका उनको पालो दिउँसो ३ बजेपछि मात्र आयो। उनले भने, 'बिहान १० बजेदेखि लाइनमा बसें। तर धेरैले आफ्ना चिनेजानेका मानिसलाई अगाडि लगेर ग्यास दिलाए। आफ्नो मान्छे नभएकाले धेरैबेर लाइनमा बस्नुपऱ्यो।'

समयमै ग्यास नपाउँदा होटलमा महँगो मूल्य तिरेर खाना खानु परेको उनी बताउँछन्। दैनिक ज्यालादारी गरेर गुजारा चलाउने नागरिकका लागि ग्यास अभावले थप आर्थिक भार बढाएको उनको भनाइ छ। उनले ग्यास वितरणमा सरकारको लापरबाही रहेको आरोप लगाउँदै बिचौलियाको चलखेलसमेत भएको दाबी गरे।

उता, नागरिक ग्यास नपाएर चुल्हो निभ्न थालेको गुनासो गरिरहेका बेला नेपाल आयल निगम भने बजारमा पर्याप्त ग्यास रहेको र अभाव नभएको दाबी गरिरहेको छ। निगमका प्रवक्ता मनोजकुमार ठाकुरका अनुसार नेपालमा मासिक ४५ देखि ४६ हजार मेट्रिकटन एलपी ग्यास खपत हुन्छ। फागुनदेखि मध्यपूर्वमा भएको युद्धका कारण उपभोक्तामा त्रास बढ्दा एकपटक धेरले खाली सिलिन्डर भर्न थालेपछि अहिलेको अवस्था सिर्जना भएको उनले बताए। 'खाली सिलिन्डर भर्न सबैजना एकचोटि आउँदा समस्या देखिएको हो। बजारमा ग्यासको अभाव छ,' उनले भने। उनका अनुसार फागुनमा ५१ हजार मेट्रिकटन, चैतमा ३८ हजार मेट्रिकटन, वैशाखमा ३२ हजार मेट्रिकटन र जेठमा ३३ हजार मेट्रिकटन ग्यास आयात भएको थियो।

पेट्रोल र डिजेलको मूल्य वृद्धिले उपभोक्तामाथि थप भार

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य बढाएको छ। निगम सञ्चालक समितिको निर्णयअनुसार सोमबार राति १२:०१ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर तीन रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर पाँच रुपैयाँ मूल्य वृद्धि गरिएको हो।

नयाँ मूल्यअनुसार काठमाडौं, पोखरा र दिपायल क्षेत्रमा पेट्रोल प्रतिलिटर दुई सय रुपैयाँ तथा डिजेल/मट्टितेल पनि दुई सय रुपैयाँ कायम गरिएको छ। पहिलो वर्गका क्षेत्रमा पेट्रोल १ सय ९७ रुपैयाँ ५० पैसा र डिजेल १ सय ९७ रुपैयाँ, दोस्रो वर्गमा दुवै १ सय ९९ रुपैयाँ तथा तेस्रो वर्गमा पेट्रोल र डिजेल दुवै दुई सय रुपैयाँ कायम गरिएको निगमले जनाएको छ। एलपी ग्यासको मूल्य भने प्रतिसिलिन्डर २ हजार ६० रुपैयाँ यथावत् राखिएको छ।

निगमका अनुसार अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढ्दै गएकाले भारतीय आयल कर्पोरेसनबाट प्राप्त नयाँ खरिद मूल्यका आधारमा मूल्य समायोजन गरिएको हो। उपभोक्ताको हितलाई ध्यानमा राख्दै सीमितमात्र मूल्य वृद्धि गरिएको निगमको दाबी छ।

मूल्य समायोजनपछि पनि निगमलाई १५ दिनमा करिब १ अर्ब ४९ करोड रुपैयाँ घाटा हुने अनुमान गरिएको छ। निगमले उपभोक्तालाई पेट्रोलियम पदार्थको मितव्ययी प्रयोग गर्न आग्रह गर्दै अन्तर्राष्ट्रिय बजारको अवस्थाअनुसार आगामी दिनमा फेरि पनि मूल्य समायोजन हुन सक्ने संकेत गरेको छ।

निगमका प्रवक्ता ठाकुरले नेपालमा आउने कच्चा तेल र प्रशोधित पेट्रोलियम पदार्थको मूल्य संरचना फरक हुने भएकाले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घट्दैमा नेपालमा स्वत: मूल्य घट्ने अवस्था नहुने जानकारी दिए। 'विश्व बजारमा कच्चा तेलको मूल्य घटे पनि प्रशोधित पेट्रोलियम पदार्थको मूल्य त्यही अनुपातमा घट्दैन। कच्चा तेल र प्रशोधित तेलको मूल्य फरक आधारमा निर्धारण हुन्छ,' उनले भने। उनका अनुसार आर्थिक वर्ष २०८३/८४ को पहिलो चार महिनामै निगमले करिब ३६ अर्ब रुपैयाँबराबरको वित्तीय भार व्यहोरेको छ।

पेट्रोलियम पदार्थमा पटक-पटक हुने मूल्यवृद्धिले आम नेपालीको दैनिक जीवन महँगिँदै गएको छ। बजारमा अधिकांश उपभोग्य वस्तुको मूल्य बढ्दा दैनिक ज्यालादारी गर्ने मजदुर, निम्न आय भएका परिवार र विद्यार्थी सबैभन्दा बढी प्रभावित भएका छन्।

उद्योगी प्रकाश मुन्दडाको घरमा प्रहरीको छापा, केही भेटिएन

अन्नपूर्ण | *विराटनगर*



विराटनगरका प्रतिष्ठित उद्योगी प्रकाश मुन्दडाको विराटनगरस्थित निवास र कार्यालयमा सोमबार बिहान प्रहरीले छापा हानेको छ। मुन्दडा मोरङ उद्योग व्यापार संघका पूर्वअध्यक्ष तथा नेपाल उद्योग परिसंघ कोशीका उपाध्यक्ष हुन्। उनको घर तथा कार्यालयमा प्रहरीले सञ्चालन गरेको सघन खानतलासीबाट केही फेला परेन। करिब साढे पाँच घण्टासम्म चलेको 'मेगा अपरेसन'पछि प्रहरी टोली रित्तो हात फर्किएको छ।

बिहान करिब ४ बजेदेखि विराटनगर महानगरपालिका-७ स्थित मुन्दडाको घर र कार्यालयमा ठूलो संख्यामा प्रहरी परिचालन गरी खानतलासी थालिएको थियो। मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालका अनुसार बिहान करिब ९:३० बजेसम्म चलेको अपरेसनका क्रममा घरदेखि कार्यालयसम्मका सबै क्षेत्रको सूक्ष्म रूपमा जाँच गरियो। खानतलासीका बेला घर आसपासको आवतजावत केही समयका लागि रोकिएको थियो। जिल्ला प्रशासन कार्यालय मोरङ र गोल्छा मोडतर्फ जाने सडकमा समेत केही समय सवारी सञ्चालन प्रभावित भएको थियो।

अपरेसनमा जिल्ला प्रहरी कार्यालय मोरङ, वडा प्रहरी कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय रानीबाट ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो।

एक दर्जनभन्दा बढी प्रहरीका सवारीसाधन प्रयोग गरिएको उक्त अपरेसनको नेतृत्व मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले गरेका थिए। टोलीमा मोरङ प्रहरीका डीएसपीहरू मकेन्द्रकुमार मिश्र र डीएसपी सन्तोष श्रेष्ठ, वडा प्रहरी कार्यालय विराटनगरका डीएसपी लोकेन्द्रसिंह गुरु, इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर प्रवीण घिमिरे तथा जिल्ला प्रहरी र वडा प्रहरीमा कार्यरत अन्य इन्सपेक्टरहरू थिए।

एसपी कटवालका अनुसार विशेष सूचनाका आधारमा मुन्दडाले अवैध रूपमा ठूलो परिमाणमा नगद लुकाएर राखेको आशंकामा खानतलासी गरिएको थियो। मुन्दडाको नाम विगतदेखि नै अवैध हुण्डी कारोबारसँग जोडिँदै आएको चर्चा भए पनि उनीमाथि यसअघि औपचारिक अनुसन्धान भने भएको थिएन। यसपटक प्राप्त सूचनाकै आधारमा प्रहरी अपरेसन अघि बढाइएको हो। तर, उपलब्धि शून्य भएको छ।

उद्योग तथा व्यापार क्षेत्रका केही व्यवसायीले मुन्दडाको देवनरा ग्रुपको चाँदी कारोबारसँग सम्बन्धित विषय पनि अनुसन्धानको दायरामा पर्न सक्ने अनुमान गरेका थिए। प्रहरी स्रोतका अनुसार कुनै उद्योगी व्यवसायीकै विशेष सूचनाका आधारमा छापा मारिएको थियो। एसपी कटवालले लामो समयसम्म खोजतलास गर्दा पनि कुनै नगद, कागजात वा अन्य सामग्री बरामद नभएको बताए।

उनले भने, 'विशेष सूचनाका आधारमा घर र कार्यालयमा विस्तृत खानतलासी गरेका थियौं। तर, कुनै पनि प्रमाण वा सामग्री फेला परेन। त्यसपछि प्रहरी टोली फर्किएको हो। कहिलेकाहीँ प्राप्त सूचना पूर्ण रूपमा सही नहुन पनि सक्छ।' प्रहरीको यति ठूलो परिचालनपछि पनि कुनै उपलब्धि हासिल हुन नसक्दा विराटनगरको उद्योग तथा व्यापारिक क्षेत्रमा यस घटनाले व्यापक चर्चा पाएको छ। प्राप्त सूचनाको विश्वसनीयता, अनुसन्धानको आधार र यति ठूलो स्तरको अपरेसनको औचित्यमाथि समेत प्रश्न उठ्न थालेको छ।

यसैबीच, उद्योगी व्यवसायी वृत्तमा मुन्दडा पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग निकट भएको चर्चा पनि भइरहेको छ। २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा रास्वपाका उम्मेदवारलाई आर्थिक सहयोग गरेको चर्चा भए पनि त्यसको आधिकारिक पुष्टि भएको छैन।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. को तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गरिरहेको ऋणकर्जाको सुरक्षण स्वरुप जमानतको लिखत लेखिदिने तपसिलका जमानीकर्ताहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने, गराउने तथा कालोसुचिमा समावेश गर्ने बारेको ९० दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३/०४/१९)

यस बैंकबाट ऋणकर्जा उपभोग गरिरहनु भएका तपसिल बमोजिमका ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत प्रवाहित ऋणकर्जा उपभोग गर्दाका बखत उक्त कर्जाको सुरक्षण बापत तपाई तपसिलमा उल्लिखित जमानीकर्ताहरुले व्यक्तिगत जमानीको लिखत लेखिदिनु भएको सम्बन्धमा तपाईंहरु पूर्व जानकार नै हुनुहुन्छ । उल्लेखित ऋणीहरुले यस बैंकबाट ऋणकर्जा उपभोग गर्दाका बखत बैंकलाई लेखिदिएको लिखत, तमसुक र ऋण स्वीकृति पत्रमा उल्लेखित शर्त बमोजिम बैंकलाई समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज समेतको सम्पूर्ण लेना रकम नतिरी नबुझाई कर्जा लिंदा गरेको शर्त कबुलियतको उल्लंघन गरेपश्चात बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक-पटक तर ताकेता गरी ऋणकर्जा चुक्ता भुक्तान गर्न अनुरोध गर्दा सो प्रति बेवास्ता, आलटाल, अटेर, किचलो तथा धिड्याई गरी चासो नदेखाई ऋणको दायित्व फर्स्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋणकर्जा चुक्ता भुक्तान गर्न अनुरोध गर्दै ऋणीहरुको नाममा यसअघि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी कर्जा भुक्तानी गर्न/गराउनका लागि पर्याप्त समय तथा मौका प्रदान गर्दा तथा ऋणीले बैंकबाट उपभोग गरेको ऋणकर्जाको धितो सुरक्षण बापत बैंकको नाममा लेखि लेखाईएको धितो सुरक्षणको लिलाम बिक्री गरी सो बाट प्राप्त रकमले समेत बैंकको सम्पूर्ण ऋणकर्जा असुल उपर नभई बक्यौता रहेको तथा सो बक्यौता ऋणकर्जा ऋणीले हालसम्म चुक्ता भुक्तान नगरेको व्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

ऋणीले बैंकको ऋणकर्जा चुक्ता भुक्तान नगरेको अवस्थामा/नगरेमा सो कर्जा बापतको सम्पूर्ण रकम कलमहरु अर्थात सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर तिर्ने बुझाउने जिम्मेवारी, जवाफदेहिता तथा दायित्व जमानत दिने व्यक्तिको हुने तथा ऋणकर्जा चुक्ता भुक्तानी हुन नसकेको अवस्थामा कर्जाको बक्यौता रकम जमानत दिने व्यक्तिबाट सोझै असुल उपर गर्न सकिने हुँदा तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकलाई तिर्न बुझाउन बाँकी कर्जाको साँवा तथा सो मा लाग्ने ब्याज लगायत अन्य दै दस्तुर चुक्ता भुक्तानी नगरेको तथा ऋणकर्जाको धितो सुरक्षण बापत बैंकको नाममा लेखि लेखाईएको धितो सुरक्षणको लिलाम बिक्री गरी सो बाट प्राप्त रकमले समेत बैंकको सम्पूर्ण ऋणकर्जा असुल उपर नभएकोले तपसिलमा उल्लेखित जमानीकर्ताहरुको नाममा नेपाल राष्ट्र बैंकबाट **"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन मा भएको व्यवस्था "जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपूर्व ऋणीले सुरक्षणस्वरुप राखेको धितो लिलाम गरी असुली गर्नुपर्नेछ । यस्तो सुरक्षणबाट भएको असुली पर्याप्त नभई बैंकको लेना रकम बाँकी रहेमा सोको भुक्तानीका लागि जमानतदातालाई ९० दिनको समय प्रदान गर्नुपर्नेछ । सो सूचना अवधिपश्चात मात्र जमानतदातालाई कालोसूचीमा समावेश गर्नुपर्नेछ । लिखित सूचनाको पत्र सम्बन्धित व्यक्तिको ठेगानामा नपुगेमा सो सूचना पत्रिकामा सार्वजनिक गर्नुपर्नेछ ।"** बमोजिम तपाई जमानी बसि उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरिरहेको कर्जाको बक्यौता रकम (साँवा, ब्याज, हर्जाना ब्याज, अन्य दैदस्तुर आदी) यथासिघ्र वा यो सूचना जारी भएको मितिले अधिकतम् ९० दिन भित्र चुक्ता भुक्तान गर्न/गराउनुहुन अनुरोध गर्दछौं । अन्यथा, तपाईं जमानीकर्ताहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा सो को संशोधित व्यवस्था बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसुचिमा समावेश गरिने व्यहोरा जानकारी गराउँदछौं । साथै तपाईं जमानीकर्ताहरुले यस सूचना बमोजिम बैंकलाई तिर्नु भुक्तानी गर्नु पर्ने ऋण कर्जाको साँवा, ब्याज, चुक्ता भुक्तान नगरे नगराएमा ऋणी एवं जमानतकर्ताको घरघरानाका चल अचल, जायजेथा श्रीसम्पत्तिहरु समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित सम्बद्ध ऐन, कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै ऋण कर्जा असुलीको लागि सम्मानित ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । पछि ऋणीले उपभोग गरेको उपरोक्त बमोजिमको ऋणकर्जाको सम्बन्धमा बैंकले हामी जमानीकर्ताहरुलाई कुनै थाहा, जानकारी, सूचना दिएको छैन वा थाहा, जानकारी, सूचना पाईन भनी जिकिर, दावी गर्न पाउनुहुने छैन । सो गरे भनेमा तपाईंहरुको सम्पूर्ण माग, दावी, जिकिरहरु यसै सूचनाद्वारा अमान्य भई जानेछ ।

तपसिल

१. ऋणी : जय बेताल हार्डवेयर एण्ड सप्लायर्स (विविध कर्जा) प्रा.फ.र.नं. ६५४/०७४/०७५, ठेगाना : भिमदत्त न.पा. ६, कञ्चनपुर **ऋण प्रवाह गर्ने शाखा : महेन्द्रनगर**	**व्यक्तिगत जमानीकर्ताहरु :** **१. पुरन कुमाल** (ना.प्र.नं. ३८०५९२७६, मिति २०५७/१२/२६ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), बाबु : नरे कुमाल, बाजे : मन्धीरे कुमाल **२. भिम बहादुर कुमाल** (ना.प्र.नं. १८०५९१८१, मिति २०५५/१०/२७ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), बाबु : नरे कुमाल, बाजे : मन्धीरे कुमाल **३. ललिता कुमाल** (ना.प्र.नं. ७५३००४/१३६५, मिति २०६३/१०/१८ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), पति : पुरन कुमाल, ससुरा : नरे कुमाल
२. ऋणी : न्यू सगरमाथा ट्रेडर्स एण्ड सप्लायर्स (विविध कर्जा) प्रा.फ.र.नं. ८५३/०७५/७६, ठेगाना : भिमदत्त न.पा. १३, कञ्चनपुर **ऋण प्रवाह गर्ने शाखा : महेन्द्रनगर**	**व्यक्तिगत जमानीकर्ताहरु :** **१. नरेन्द्र सिंह कठायत** (ना.प्र.नं. ५७८०११२६, मिति २०५८/०९/११ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), बाबु : डम्बर सिंह कठायत, बाजे : हरि सिंह कठायत **२. लक्ष्मी देवी कठायत** (ना.प्र.नं. ७५३००१/३४७७, मिति २०६३/१२/०८ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), पति : नरेन्द्र सिंह कठायत, ससुरा : डम्बर सिंह कठायत **३. तेज सिंह कठायत** (ना.प्र.नं. ५७८००८९८, मिति २०५५/०२/२६ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), बाबु : डम्बर सिंह कठायत, बाजे : हरि सिंह कठायत **४. पदम सिंह कठायत** (ना.प्र.नं. ७५१००१/३९५२, मिति २०६५/१०/२७ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), बाबु : डम्बर सिंह कठायत, बाजे : हरि सिंह कठायत **५. कलावती कठायत** (ना.प्र.नं. १५२०/५८०९, मिति २०४६/०९/०४ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको), पति : डम्बर सिंह कठायत, ससुरा : हरि सिंह कठायत
३. ऋणीहरु : (क) डि वि किराना पसल (विविध कर्जा), प्रा.फ.र.नं. ६५४६/०६९/०७०, ठेगाना : अन्नपूर्ण ५, कास्की **(ख) एम.के.एम.टि.देवी कार्की कन्स्ट्रक्सन प्रा.लि.,** दर्ता नं. १३६४५५/७१/०७२, ठेगाना : देउपुर २, पर्वत, **ऋण प्रवाह गर्ने शाखा : कुश्मा**	**१. देवी कार्की क्षेत्री** (ना.प्र.नं. ५११०१८/७८, मिति २०६५/०१/२३ मा जि.प्र.का. पर्वतबाट जारी भएको), बाबु : मोती बहादुर खत्री, पति : बेल बहादुर कार्की क्षेत्री, ससुरा : गंगा बहादुर कार्की **२. बेल बहादुर कार्की क्षेत्री** (ना.प्र.नं. ५५०७, मिति २०४५/०१/०२ मा जि.प्र.का. पर्वतबाट जारी भएको), बाबु : गंगा बहादुर कार्की, बाजे : जंग वीर कार्की
४. ऋणी : राजधानी इन्फ्राटेक प्रा.लि. (आवधिक कर्जा) दर्ता नं. २७०१२५/०७८/०७९, ठेगाना : सूर्यविनायक ९, भक्तपुर **ऋण प्रवाह गर्ने शाखा : न्यूरोड**	**१. राजु भाई सैजु** (ना.प्र.नं. ८९६, मिति २०४४/०५/२२ मा जि.प्र.का. भक्तपुरबाट जारी भएको), बाबु : रत्न लाल सैजु, बाजे : हिरा लाल सैजु **२. हरि नारायण प्रसाद सा रौनियार** (ना.प्र.नं. ८३७००७२२, मिति २०३९/११/०२ मा जि.प्र.का. पर्साबाट जारी भएको) बाबु : अयोध्या प्रसाद सा रौनियार, बाजे : देउ लाल प्रसाद रौनियार
५. ऋणी : उज्जैन डिजाइन आर्किटेक्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. (विविध कर्जा), दर्ता नं. २०८५६७/०७५/०७६, ठेगाना : का.म.न.पा. ३, महाराजगंज, काठमाडौं **ऋण प्रवाह गर्ने शाखा : ज्ञानेश्वर**	**१. पुष्प श्रेष्ठ** (ना.प्र.नं. २०४०, मिति २०५४/०३/१२ मा जि.प्र.का. बाँकेबाट जारी भएको), बाबु : सुरेन्द्र कुमार श्रेष्ठ, बाजे : पदम सिंह श्रेष्ठ **२. शोभा कुमारी जोशी** (ना.प्र.नं. २०२७, मिति २०६०/११/१७ मा जि.प्र.का. पर्साबाट जारी भएको), पति : पुष्प श्रेष्ठ, ससुरा : सुरेन्द्र कुमार श्रेष्ठ **३. सुरेन्द्र कुमार श्रेष्ठ** (ना.प्र.नं. ७९२, मिति २०२८/०२/०३ मा जि.प्र.का. बाँकेबाट जारी भएको), बाबु : पदम सिंह श्रेष्ठ, बाजे : महताब सिंह श्रेष्ठ **४. गौरी देवी श्रेष्ठ** (ना.प्र.नं. ६/६/४/०/१/०/०/४/१५१७०, मिति २०३६/०३/१४ मा जि.प्र.का. बाँकेबाट जारी भएको), पति : सुरेन्द्र कुमार श्रेष्ठ, ससुरा : पदम सिंह श्रेष्ठ

काठमाडौंमा बिदाका दिन बढी दुर्घटना

सागर घले | *काठमाडौं*

गत आर्थिक वर्ष २०८२/८३ मा काठमाडौं उपत्यकामा ५ हजार ८ सय ३ सवारी दुर्घटना भए। तीमध्ये ४ हजार १ सय २६ दुर्घटना चालकको लापरवाहीका कारण भएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। कार्यालयका अनुसार ८ सय ५९ तीव्र गतिका कारण दुर्घटना भएका थिए। जसमा ५ सय २२ दुर्घटना मादक पदार्थ सेवन (मापसे), १ सय ७४ यान्त्रिक कमजोरी, ५९ दुर्घटना चालक अनुमतिपत्र नभएका कारण र ४१ दुर्घटना गलत दिशाबाट ओभरटेकका कारण भएका थिए। यस्तै, २२ दुर्घटना भने मौसम र चौपायाका कारण भएको काठमाडौं उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता नरेशराज सुवेदीले जानकारी दिए।

उपत्यकामा सबैभन्दा बढी चाबहिल क्षेत्रमा २ सय ५५ दुर्घटना भएका थिए। मित्रपार्कमा १ सय ५०, बालकुमारीमा १ सय २१, भोटेबहाल चोकमा १ सय १३ धुम्बाराहीमा ९० वटा दुर्घटना भएका थिए।

५ हजार ८ सय ३ सवारी दुर्घटना मध्ये ४ हजार १ सय २६ दुर्घटना चालकको लापरबाहीले

जसमा २ सय १६ जनाले ज्यान गुमाएका थिए। यस्तै, उपत्यकामा आर्थिक बर्ष ०८१/८२ मा ७ हजार १ सय ६९ वटा सवारी दुर्घटना हुँदा १ सय ९० जनाको मृत्यु भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा १ हजार ५ सय ३६ वटा सवारीसाधन दुर्घटना हुदा ३ सय १५ जनाको मृत्यु भएको थियो।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता सुवेदीका अनुसार गत आवमा उपत्यकामा सबैभन्दा धेरै दुर्घटना शुक्रबार र शनिबारका दिन भएका थिए। बिदाका दिन मापसे गरी सवारी चलाउने प्रवृत्ति बढेका कारण दुर्घटना पनि बढेको प्रवक्ता सुवेदीले जनाए। उनका अनुसार सबैभन्दा बढी दुर्घटना साउन र पुस महिनामा हुने गरेका छन्। साउनमा बर्खाका कारण बाटो चिप्लो हुने, सडकमा पानी जम्ने र खाल्डाखुल्डीका कारण दुर्घटना निम्तिने गरेका छन्। 'सडक पूर्वाधारमा असुविधा, भौगोलिक जटिलता र सबैभन्दा बढी मानवीय कमजोरीले सडक दुर्घटना बढेका छन्,' उनले भने, 'सवारीसाधन चलाउँदा मोबाइल फोनको प्रयोग, तीव्र गति, मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउँदा दुर्घटना हुने गर्छ।'

ट्राफिक प्रहरीले सडक दुर्घटना न्यूनीकरण गर्न जेब्रा क्रसको प्रयोग गर्न ठाउँ ठाउँमा सचेतना बोर्ड राख्ने, लामो दूरीका सवारीलाई हेल्प डेस्कमार्फत मौसमको अवस्थाबारे जानकारी दिनेजस्ता कार्यहरू अपनाउँदै आइएको उनले बताए।

'सडक दुर्घटना भइसकेपछिको अवस्थामा घाइतेलाई बोक्ने एम्बुलेन्समा पर्याप्त स्वास्थ्य सामग्री हुँदैनन्,' उनले भने। जसले गर्दा प्राथमिक उपचारमा ढिलाइ भएकाले झनै अप्ठ्यारो अवस्था भोग्नु परिरहेको उनले बताए। 'कम्तीमा एक जना स्वास्थ्यकर्मी र पर्याप्त स्वास्थ्य सामग्री भइदियो भने केही हदसम्म उद्धार गर्न सजिलो हुने थियो,' उनले भने।

गण्डकीमा गाँजा विधेयक प्रमाणीकरण

पोखरा (अन्नपूर्ण) : गण्डकी प्रदेश सरकारले औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने कानुनी बाटो खोल्ने गरी अघि बढाएको विधेयक सोमबार प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रमाणीकरण गरेका छन्।

प्रदेश प्रमुखको कार्यालयले सोमबार विज्ञप्ति जारी गर्दै औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन र उपयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संविधानको धारा २०१ को उपधारा (४) बमोजिम सोमबार प्रमाणीकरण भएको जानकारी दिएको छ। प्रदेशसभाले असार २५ गते पारित गरेको विधेयक असार ३० गते प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पुगेको थियो। प्रदेश प्रमुखले संविधानको धारा २०१ को उपधारा ३ बमोजिम साउन ८ गते पुनर्विचारका लागि सन्देशसहित प्रदेशसभामा फिर्ता पठाएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

प्रदेशसभाले विधेयकमा कुनै संशोधन नगरी साउन १५ गते जस्ताको तस्तै पुन: पारित गरेर प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाएको थियो। पुन: पठाएको विधेयक संविधानको धारा २०१ को उपधारा ४ अनुसार प्रदेश प्रमुखले साउन १८ गते प्रमाणीकरण गरेका हुन्।

पहिलोपटक प्रमाणीकरणका लागि जाँदा प्रदेश प्रमुखले संघीय कानुनसँग बाझिएको विषय उठाउँदै फिर्ता पठाएको थियो। प्रदेशसभाले प्रदेशको अधिकार क्षेत्रभित्र रहेर विधेयक बनाईको निष्कर्ष निकाल्दै जस्ताको तस्तै पुन: पारित गरेर पठाएको थियो।

गण्डकी प्रदेशसभाले पारित गरेर प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रमाणीकरण गरे पनि संघीय कानुनका कारण गाँजा विधेयक कार्यान्वयनमा भने जटिलता रहेको यस क्षेत्रका विज्ञले बताएका छन्। संघीय कानुनको लागुऔषध नियन्त्रण तथा सजाय ऐन, २०३३ ले गाँजाको उत्पादन र प्रयोगमा प्रतिबन्ध लगाएकाले कार्यान्वयनमा जटिलता रहेको हो। संघीय कानुनसँग बाझिएको अवस्थामा कार्यान्वयनमा जटिलता आउने अधिवक्ता मनोज घर्ती मगरले बताए। कार्यान्वयनका लागि संघीय कानुन नै संशोधन गर्न प्रदेश सरकारले दबाब दिनुपर्ने उनी बताउँछन्। प्रदेशले कानुन बनाउने सार्वभौम अधिकार प्रयोग गरेर कानुन बनाउनु उपयुक्त कदम भएको तर संघीय सरकारले संशोधन गरेर बाटो खुला गर्नुपर्ने उनी बताउँछन्।

स्वायत्त रहेका प्रदेश सरकार, स्थानीय सरकारले प्रदेशका नागरिकको हितका लागि आफ्नो तरिकाले कानुन बनाएर लागू गर्न सक्छने उनी बताउँछन्। तर संघीय कानुन संघ बाझिएको अवस्थामा संघले पनि संशोधन गरेर बाटो खोल्नु पर्ने उनले बताए।

सम्पादकीय

सुरुङमार्गको दोस्रो अध्याय

नागढुंगा सुरुङमार्ग सञ्चालनमा आइसकेको छ। यसको निर्माणसँगै नेपाल सुरुङमार्गहरूको युगमा प्रवेश गरेको बताइँदै थियो। हो पनि नेपालमा अब एकपछि अर्को सुरुङमार्ग निर्माण र निर्माण पूरा हुँदैछन्। निर्धारित समयमै काम पूरा भयो भने अब बुटवलबाट पोखरा पुग्ने राजमार्गमा अर्को सुरुङमार्ग सञ्चालनमा आउँदैछ। आउँदो दसैंतिहारपछि सिद्धबाबा सुरुङमार्ग पनि सञ्चालनमा आउन सक्छ। नेपालका लागि पूर्वाधार विकासका क्षेत्रमा यो अर्को सुखद घुम्ती हुँदै छ। आर्थिक गतिविधि चलायमान हुने सहरहरू भैरहवा र बुटवलसँग पर्यटकीय सहर पोखरा जोड्ने बाटोको सिद्धबाबा क्षेत्र हरेक बर्खामा अवरुद्ध हुन्थ्यो। किनभने यो ठाउँ चुरे पहाडको कमलो पर्वत हो। जहाँ थोरै पानी पर्दा पनि पहिरो चलिहाल्छ। पानी पऱ्यो कि पहिरो चल्यो हुँदै आएको छ यहाँ। अनि गएका तीन वर्षमा मात्रै पनि पहिरोमा १० जनाले ज्यान गुमाएका छन्। भैरहवासँग पोखरा जोडिने सडक बनेयता त सयौंको ज्यान गएको छ।

नागढुंगा सुरुङमार्गले देशको राजधानीसँग बाँकी मुलुकसँगको दूरी छोट्ट्याएको छ। उकालो र जामबाट मुक्ति दिएको छ। सिद्धबाबाको प्रयोजन ज्यानै जोगाउनेसम्म हुँदैछ, किनभने यसको मूल उद्देश्य पहिरो छल्ने वैकिल्पक मार्ग तयार गर्नु हो र त्यहीअनुसार नै बनेको छ। यो साधारण सुरुङ निर्माण होइन, यो पूर्वाधारको नीति कार्यान्वयनको दोस्रो अध्याय हो। पोखरासँगै गण्डकी प्रदेशका जिल्लामात्र होइन, लुम्बिनीकै पाल्पासहितका जिल्लाका लागि पनि यो सुरुङमार्ग वरदानजस्तो हुँदैछ। जटिल भूगोल भएको पहाडी मुलुकका लागि जसै सुरुङमार्ग गतिलो विकल्प हो, त्यहीअनुसारले यस्ता पूर्वाधार निर्माण हुनुले सुखद र उज्यालो भविष्यको संकेत गर्छ। पर्यटकीय पोखरा सहर राजधानी काठमाडौंसँग भन्दा पहिला सडक यातायातबाट जोडिएको सिद्धार्थ राजमार्गबाट हो र भारतीय सिमानाका सुनौलीसम्मको त्यो सडकले सिंगो गण्डकी प्रदेशको आर्थिक उन्नतिमा ठूलो योगदान गरेको छ।

डेढ सय किलोमिटर दूरीका भैरहवा र पोखरा सहर घुमाउरो, घुम्ती नै घुम्ती भएको साँघुरो पहाडी राजमार्गबाट जोडिएका छन्। त्यसमाथि सिद्धबाबाको पहिरो सिद्धार्थ राजमार्गको एउटा ठूलो अभिशापजस्तो बनेको थियो। भारतसम्मका सुरक्षित यात्राको सुनिश्चितता सिद्धबाबा सुरुङमार्गले गर्नेछ। त्यो भनेको भारतीय पर्यटक ढुक्क हुँदै पोखरा पुग्ने वातावरण बन्नु पनि हो। तसर्थ नेपाली यात्रुको सुरक्षासँगै सिद्धबाबा सुरुङमार्गले पर्यटकलाई ढुक्क बनाउने छ र पर्यटक संख्या वृद्धिमा योगदान पुऱ्याउने विश्वास गर्न सकिन्छ। सिद्धबाबा सुरुङले पश्चिमी नेपालको आर्थिक संरचनामा सकारात्मक हस्तक्षेप गर्न सक्छ। दैनिक सात हजार सवारीसाधन यो सडकबाट गुड्छन्। तिनका लागि सास्तीबाट मुक्ति र हाइसुख प्राप्ति हुनेछ। सिद्धबाबा सुरुङ पूरा हुनै लाग्दा थप आशा र आत्मविश्वास दुवै सिर्जना भएको छ। यस्ता बाटाहरू केवल यात्राका माध्यममात्रै होइन, राष्ट्रिय आत्मविश्वास वृद्धि गर्ने कडी नै हुन्। अनि त्यस्तै आत्मविश्वाससँगै देशको अर्थ व्यवस्थासमेत सकारात्मक दिशामा अघि बढ्ने हो। फेरि पनि जसरी नागढुंगा सुरुङमार्गको सुरक्षित सञ्चालन हाम्रो लागि चुनौती हो, त्यसैगरी सिद्धबाबाको शीघ्र निर्माण पूरा र कुशल कार्यान्वयन पनि।

जलवायु परिवर्तन र बालबालिका

जलवायु परिवर्तन केवल मौसमी घटना होइन, यसले सामाजिक विकृति र असमानतालाई तीव्र रूपमा बढावा दिन्छ।



शान्ता माया परियार

अग्रमत



विश्व मञ्चमा अहिले जलवायु परिवर्तनको मुद्दा केवल हिमाल पग्लिने, तापक्रम बढ्ने र बाढीपहिरो आउने प्राविधिक बहसमात्र रहेन। यो त मानव सभ्यता, सामाजिक न्याय र मानव अधिकारसँग जोडिएको गम्भीर संकट बनिसकेको छ। जलवायु परिवर्तनको विश्वव्यापी चक्रमा जसको योगदान शून्यप्रायः छ, त्यही वर्ग नै यसको सबैभन्दा ठूलो मूल्य चुकाउन बाध्य छ। त्यो वर्ग हो– हाम्रा बालबालिका।

अझ नेपालजस्तो भौगोलिक रूपमा जोखिमपूर्ण र आर्थिक रूपमा विकासशील देशमा जलवायु परिवर्तनको क्रूर प्रहार समाजको तल्लो तहमा परिरहेको छ। समग्र बालबालिका यसको जोखिममा भए तापनि हाम्रा विद्यमान सामाजिक संरचना र लैंगिक असमानताका कारण विशेषगरी बालिकाहरूले यसको त्रिपक्षीय–शारीरिक, मनोवैज्ञानिक र सामाजिक–अदृश्य चपेटा बढी भोग्नु परिरहेको छ।

युनिसेफको 'चिल्ड्रेन्स क्लाइमेट रिस्क इन्डेक्स'अनुसार नेपाल बालबालिकाका लागि जलवायु जोखिमको उच्च सूचीमा पर्दछ। जब हिमाली क्षेत्रमा हिमताल फुट्छन्, पहाडमा पहिरो जान्छ र तराईमा बाढी वा भीषण खडेरी पर्छ, तब समाजको सबैभन्दा संवेदनशील कडीका रूपमा रहेका बालबालिकाको जीवन सोझै प्रभावित हुन्छ। जलवायु संकटले समग्र बालबालिका र विशेषगरी किशोरी तथा छात्राहरूको शारीरिक स्वास्थ्य, मानसिक अवस्था र सामाजिक जीवनमा पारेको गम्भीर प्रभाव र यसको समाधानका उपायबारे यहाँ विस्तृत विश्लेषण गरिएको छ।

१. शारीरिक प्रभाव : प्रजनन स्वास्थ्य र पोषणमा गम्भीर संकट

जैविक र शारीरिक बनावटका कारण जलवायु परिवर्तन र वातावरणीय प्रदूषणको पहिलो असर बालबालिकाको शरीरमा देखिन्छ। विकासशील मस्तिष्क, फोक्सो र कमजोर रोग प्रतिरोधात्मक क्षमताका कारण उनीहरू प्रदूषित हावा र पानीको सिधा जोखिममा पर्छन्। तर परम्परागत पारिवारिक संरचनाका कारण छोरीहरूको हकमा यो संकट अझ जटिल बन्न पुग्छ।

पोषणको अभाव र रक्तअल्पता : जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आएको ह्रास र बेमौसमी वर्षाले खाद्य असुरक्षा बढाएको छ। नेपाली ग्रामीण समाजमा अझै पनि 'पहिले पुरुष र छोराले खाने, पछि मात्र महिला र छोरीले खाने' पितृसत्तात्मक चलन बाँकी नै छ। खाद्य संकट हुँदा किशोरीहरूले पर्याप्त र पोषिलो खाना पाउँदैनन्। फलाम, फोलिक एसिड र भिटामिनको कमीले गर्दा उनीहरूमा रक्तअल्पताको समस्या भयावह बन्दै गएको छ, जसले दीर्घकालीन शारीरिक र मानसिक विकास रोकेको छ।

प्रजनन स्वास्थ्यमा आघातः जलवायुजन्य विपद् (जस्तै बाढी वा पहिरो) का कारण विस्थापित भएका परिवारहरू जब अस्थायी शिविर वा पालमुनि बस्न बाध्य हुन्छन्, तब किशोरीहरूको प्रजनन स्वास्थ्य सबैभन्दा बढी उपेक्षित हुन्छ। महिनावारीका समयमा स्वच्छ पानी, प्याड र सुरक्षित शौचालयको अभावले गर्दा उनीहरू 'युरिनरी ट्र्याक्ट इन्फेक्सन' र अन्य गम्भीर प्रजनन अंगका संक्रमणहरूबाट पीडित हुने गरेका छन्।

पानीको संकट र शारीरिक श्रमः जलवायु परिवर्तनले गर्दा परम्परागत खानेपानीका मुहानहरू सुक्दै गएका छन्। ग्रामीण नेपालमा खानेपानीको जोहो गर्ने मुख्य जिम्मेवारी परम्परागत रूपमा महिला र ससाना छोरीहरूको काँधमा हुन्छ। पानी लिनका लागि घण्टौंसम्म हिँड्नुपर्ने र भारी गाग्रो वा ग्यालेन बोक्नुपर्ने बाध्यताले गर्दा कलिला बालिकाहरूको मेरुदण्ड र पाठेघरमा समेत सानै उमेरमा गम्भीर समस्या देखिन थालेको छ।

२. मनोवैज्ञानिक प्रभावः डर, चिन्ता र 'इको-एन्जाइटी'

जलवायु परिवर्तनले बालबालिकाको मस्तिष्कमा पार्ने अदृश्य तर गम्भीर असर हो– मनोवैज्ञानिक आघात। विपद्को प्रत्यक्ष अनुभव वा भविष्यप्रतिको अनिश्चितताले उनीहरूको मानसिक स्वास्थ्यलाई तहसनहस बनाइरहेको छ।

विपद्जन्य ट्रमा : बाढी, पहिरो वा आँधीबेहरी प्रत्यक्ष भोगेका बालबालिकाहरूमा लामो समयसम्म डर, अनिन्द्रा र 'पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर' देखिन्छ। आफ्नो घर भत्किएको, विद्यालय बगाएको वा आफन्त गुमाएको दृश्यले उनीहरूको बालमस्तिष्कमा गहिरो चोट पुऱ्याउँछ।

इको-एन्जाइटी : बदलिँदो मौसम, अत्यधिक गर्मी, वायुप्रदूषण वा खडेरीका कारण 'भोलि हाम्रो भविष्य के होला?' भन्ने अज्ञात भय नै इको-एन्जाइटी हो। किशोरीहरू स्वभावैले संवेदनशील हुने र पारिवारिक आर्थिक संकटलाई नजिकबाट नियाल्ने हुँदा उनीहरूमा भविष्यप्रतिको निराशा, हीनताबोध र मानसिक तनाव बढी देखिने गरेको मनोवैज्ञानिकहरूको ठहर छ।

सुरक्षाको भावनामा कमी : गृहत्याग वा विस्थापनका बेला बालबालिकाहरूले आफ्नो सुरक्षित वातावरण (आफ्नो कोठा, साथीभाइ, विद्यालय) गुमाउँछन्। अपरिचित ठाउँमा बस्नुपर्दा ती कलिला मस्तिष्कहरू निरन्तर मानसिक दबाब र असुरक्षाको भावनामा बाँच्न बाध्य हुन्छन्, जसले उनीहरूको संवेगात्मक विकासलाई अवरुद्ध गर्दछ।

३. सामाजिक प्रभाव : बालविवाह, शिक्षामा पूर्णविराम र हिंसा

जलवायु परिवर्तन केवल मौसमी घटना होइन, यसले सामाजिक विकृति र असमानतालाई तीव्र रूपमा बढावा दिन्छ। आर्थिक संकट निम्तिएपछि समाजले सबैभन्दा पहिले छोरीहरूको अधिकार र अवसरमाथि कैंची चलाउने जोखिम रहन्छ।

जलवायुजन्य बालविवाह : जलवायु संकटका कारण कृषि उत्पादन नष्ट हुँदा वा बाढीले घरबारविहीन बनाउँदा ग्रामीण परिवारहरू चरम गरिबीको रेखामुनि पुग्छन्। यस्तो आर्थिक भार कम गर्न र सुरक्षाको बहानामा अभिभावकहरूले कम उमेरमै छोरीको विवाह गरिदिने चलन पुनः बढ्न थालेको छ। 'छोरीको विवाह गरिदिए एउटा मुख घट्छ' भन्ने गलत सामाजिक सोचाइले उनीहरू सानै उमेरमा आमा बन्न र घरेलु हिंसाको सिकार हुन विवश छन्।

शिक्षाबाट वञ्चित र डिजिटल खाडल : पानी लिन टाढा जानाले वा घरको आर्थिक अवस्था बिग्रिएपछि पहिलो प्रहार शिक्षामा पर्छ। छोरालाई अनलाइन वा नजिकैको विद्यालय पठाइए पनि छोरीलाई घरको कामधन्दा सघाउन र साना भाइबहिनी हेर्नका लागि विद्यालयबाट छुटाउने गरिन्छ। युनिसेफको अध्ययनअनुसार नेपालमा जलवायु विपद् र अत्यधिक गर्मीका कारण विद्यालय बन्द हुँदा ड्रपआउट हुनेमा छात्राहरूको संख्या निकै बढी छ।

लैंगिक हिंसा र बेचबिखनको खतरा : विस्थापनका क्रममा वा अस्थायी शिविरहरूमा बस्दा किशोरीहरू यौनजन्य हिंसा र दुर्व्यवहारको उच्च जोखिममा रहन्छन्। अझ दुःखद् कुरा, जलवायुजन्य आर्थिक संकटको फाइदा उठाउँदै मानव तस्करहरूले वैदेशिक रोजगारी वा राम्रो जीवनको प्रलोभन देखाई संकटग्रस्त क्षेत्रका निर्दोष छात्राहरूलाई बेचबिखन गर्ने डरलाग्दो जालो फैलाइरहेका छन्।

नयाँ बजेट र नीतिगत विश्लेषणः आशा र आशंकाको दोबाटो

जेठ १५ गते सार्वजनिक भएको आगामी आर्थिक वर्षको नयाँ बजेटले यस गम्भीर विषयवस्तुलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा समेट्ने प्रयास गरेको छ। यसका नीति तथा कार्यक्रमहरूलाई सकारात्मक र चुनौतीपूर्ण दुवै कोणबाट विश्लेषण गर्न सकिन्छ–

क) सकारात्मक पाटाहरू:

सामाजिक सुरक्षा र पोषणमा ध्यानः बजेटले महिला, बालबालिका तथा सामाजिक सुरक्षाका क्षेत्रका लागि महत्त्वपूर्ण बजेट विनियोजन गरेको छ। यसका साथै जलवायु संकटजन्य खाद्य असुरक्षाबाट बचाउन लक्षित वर्गका बालबालिकाको पोषण सहायताका लागि रकम छुट्ट्याइएको छ। यसले विपन्न वर्गका बालबालिकालाई राहत पुग्नेछ।

कुरीति र बालविवाहविरुद्ध प्रतिबद्धताः जलवायुजन्य आर्थिक संकटले बढाउने बालविवाह, बाल श्रम र लैंगिक हिंसा रोक्न तीनै तहका सरकारमार्फत सामाजिक रूपान्तरण अभियान चलाउने घोषणा बजेटमा गरिएको छ। साथै, दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती र नवशिशुहरूका लागि हवाई उद्धार सेवाको निरन्तरताले प्राकृतिक प्रतिकूलतामा रहेका आमा र शिशुको रक्षा गर्नेछ।

ख) नकारात्मक तथा चुनौतीपूर्ण पाटाहरू:

वातावरण र जलवायु बजेटमा संकुचन : जलवायु जोखिम दिनानुदिन बढिरहेका बेला वन तथा वातावरण क्षेत्रको बजेटमा पर्याप्त वृद्धि हुन नसक्नु वा कटौती गरिनुले सरकारको प्राथमिकतामा यो मुद्दा अझै ओझेलमा परेको देखिन्छ।

एकीकृत रणनीतिको अभाव : बजेटमा बालबालिका र जलवायु परिवर्तनलाई दुईवटा बेग्लाबेग्लै पाटोका रूपमा हेरिएको छ। जलवायु संकटले विशेष गरी बालिकाहरूको प्रजनन स्वास्थ्य, शिक्षा र मानसिक स्वास्थ्य (इको-एन्जाइटी) मा पारेको विशिष्ट असरलाई सम्बोधन गर्ने गरी कुनै पनि 'एकीकृत कार्यक्रम' ल्याउन नयाँ बजेट चुकेको छ।

अबको बाटो : बाल-केन्द्रित र लैंगिक-संवेदनशील जलवायु कार्ययोजना

जलवायु परिवर्तनको यो बहुआयामिक संकटबाट नयाँ पुस्तालाई जोगाउन अब परम्परागत राहतमुखी शैलीले पुग्दैन। यसका लागि एकीकृत र दीर्घकालीन रणनीतिको आवश्यकता छः

लैंगिक-संवेदनशील नीति र बजेट : स्थानीय, प्रादेशिक र संघीय सरकारले जलवायुसम्बन्धी कुनै पनि योजना बनाउँदा बालबालिकाको स्वास्थ्य, सुरक्षा र शिक्षालाई केन्द्रमा राख्नुपर्छ। विपद् व्यवस्थापन बजेटको निश्चित हिस्सा जोखिममा परेका बालबालिका लक्षित कार्यक्रमका लागि अनिवार्य गरिनुपर्छ।

सुरक्षित र जलवायु-अनुकूलित विद्यालय : जलवायु विपद्का समयमा पनि बालबालिकाको शिक्षा नरोकियोस् भन्नका लागि बाढी र पहिरो प्रतिरोधी विद्यालयहरू निर्माण गरिनुपर्छ। विद्यालयहरूमा अनिवार्य रूपमा अलग्गै, सुरक्षित र पर्याप्त पानी सुविधासहितको छात्रा शौचालय तथा निःशुल्क स्यानिटरी प्याडको व्यवस्था हुनुपर्छ।

जलवायु शिक्षा र स्थानीय ज्ञानको प्रवर्द्धन : विद्यालय तहको पाठ्यक्रममै जलवायु परिवर्तन, यसका जोखिम र अनुकूलनका उपायहरू समावेश गरिनुपर्छ। यसमा पुस्तौंदेखि चल्दै आएका स्थानीय र रैथाने पर्यावरण-मैत्री अभ्यासहरूलाई पनि समेटिनुपर्छ।

मानसिक स्वास्थ्य परामर्श : विपद् प्रभावित क्षेत्रका विद्यालय र स्वास्थ्य चौकीहरूमा बालबालिकाहरूका लागि मनोसामाजिक परामर्श सेवा अनिवार्य गरिनुपर्छ, जसले उनीहरूको 'इको-एन्जाइटी' र ट्रमा न्यूनीकरण गर्न मद्दत गरोस्।

सामाजिक सुरक्षा र कानुनी पहरेदारी : बजेटमा घोषित सामाजिक रूपान्तरण अभियानलाई स्थानीय जनप्रतिनिधि, प्रहरी र नागरिक समाजको सक्रियतामा कडा निगरानी संयन्त्रसँग जोड्नुपर्छ, जसले जलवायुजन्य बालविवाह र मानव बेचबिखन रोक्न सकोस्।

निष्कर्ष

आजका बालबालिका देशको वर्तमानमात्र होइनन्, भोलिका कर्णधार र देश निर्माणका खम्बा हुन्। जलवायु परिवर्तनले आजको पुस्तामा पारेको शारीरिक, मानसिक र सामाजिक चोटले भोलिको सिंगो देशलाई कमजोर बनाउने निश्चित छ। कार्बन उत्सर्जनमा नेपालजस्ता विकासशील देशका बालबालिकाको कुनै गल्ती छैन, तर पनि उनीहरू यसको सजाय भोगिरहेका छन्।

अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु न्यायको वकालत गरिरहँदा हामीले देशभित्र आफ्नै घरआँगनमा निसास्सिएका, शिक्षाबाट वञ्चित भएका र बालविवाहको वेदीमा चढाइएका निर्दोष बालबालिकाहरूको अधिकार रक्षा गर्नैपर्छ। नयाँ बजेटका नीतिहरू कागजमा आकर्षक सुनिए पनि तिनको सफल कार्यान्वयन र जलवायु बजेटको बाल-केन्द्रित पुनरावलोकन बिना हाम्रा बालबालिकाको भविष्य सुरक्षित हुन सक्दैन। जलवायु कार्ययोजनालाई बाल-मैत्री र लैंगिक-संवेदनशील बनाउनु आजको विलासिता होइन, भोलिको सुन्दर र समतामूलक नेपाल निर्माणका लागि अनिवार्य सर्त हो।

विकासको मूल्य धुलो होइन, स्वच्छ वातावरण



जानुका ढकाल

काठमाडौं उपत्यका नेपालको राजधानीमात्र होइन, देशको विकास, आर्थिक गतिविधि, प्रशासनिक निर्णय र सहरीकरणको केन्द्र पनि हो। विगत दुई दशकयता यहाँ सडक विस्तार, खानेपानी आयोजना, ढल प्रणाली, विद्युत् तथा सञ्चारका तार भूमिगत गर्ने कार्य, पुल तथा फ्लाइओभर निर्माण, निजी तथा सार्वजनिक भवनहरू निर्माणजस्ता पूर्वाधार विकासका काम तीव्र गतिमा भइरहेका छन्। विकासका यी गतिविधिहरूले आधुनिक सहर निर्माणको संकेत त अवश्य दिएको छ, तर त्यससँगै एउटा गम्भीर प्रश्न पनि जन्मिएको छ त्यो भनेको के हामीले विकाससँगै स्वच्छ वातावरणको अधिकारलाई पनि समान महत्त्व दिएका छौं त?

आज काठमाडौंमा बिहान घरबाट निस्कने अधिकांश मानिसको पहिलो आवश्यकता छाता वा ज्याकेट होइन, मास्क बनेको छ। सडकमा केही समय हिँड्दा आँखा पोल्ने, घाँटी खसखसाउने, टाउको दुख्ने र सास फेर्न असहज हुने अनुभव धेरैका लागि सामान्यजस्तै बनिसकेको छ। यो अवस्था कुनै संयोग होइन; अव्यवस्थित सहरीकरण, कमजोर निर्माण व्यवस्थापन र प्रभावकारी वातावरणीय शासनको अभावले सिर्जना गरेको वास्तविकता हो। विकासका नाममा उठेको धुलोले आज नागरिकको स्वास्थ्यमाथि मौन आक्रमण गरिरहेको छ। पछिल्ला वर्षहरूमा काठमाडौं उपत्यका अन्तर्राष्ट्रिय वायु गुणस्तर सूचकांकमा पटक-पटक विश्वकै अत्यधिक प्रदूषित सहरहरूमध्ये पर्ने गरेको छ। यद्यपि यस्तो सूचकांक दिनअनुसार परिवर्तन हुन्छ, यसले एउटा स्थायी सन्देश भने दिन्छ काठमाडौंको वायु प्रदूषण अब मौसमी समस्यामात्र रहेन; यो सहरी व्यवस्थापनको संरचनागत चुनौती बनिसकेको छ। यदि अहिले नै प्रभावकारी कदम चालिएन भने विकासको मूल्य भावी पुस्ताले आफ्नो स्वास्थ्यबाट चुकाउनु पर्नेछ।

विश्व स्वास्थ्य संगठनले सन् २०२१ मा सार्वजनिक गरेको एयर क्वालिटी गाइडलाइन्सले वायु प्रदूषणलाई विश्वव्यापी सार्वजनिक स्वास्थ्य संकटका रूपमा व्याख्या गरेको छ। विशेषगरी सूक्ष्म धुलोका कण मानव स्वास्थ्यका लागि अत्यन्त जोखिमपूर्ण मानिन्छन्। असाध्यै साना धुलोका कणहरू नाक वा घाँटीमा मात्र अडिँदैनन् फोक्सो हुँदै रगतसम्म पुग्न सक्छन्। वैज्ञानिकहरूको अध्ययनले यस्ता कणहरूले दम, दीर्घ श्वासप्रश्वास रोग, मुटुरोग, मस्तिष्काघात तथा समयअगावै मृत्युको जोखिमसमेत बढाउने देखाएका छन्। यसको अर्थ धुलो केवल सडक फोहोर बनाउने समस्या होइन; यो अस्पतालको बढ्दो चाप, घट्दो श्रम उत्पादकत्व, बालबालिकाको स्वास्थ्य, ज्येष्ठ नागरिकको जीवन र समग्र सार्वजनिक स्वास्थ्यसँग जोडिएको राष्ट्रिय चुनौती हो। स्वच्छ हावा गुमाउनु भनेको केवल वातावरण बिग्रनु होइन, राष्ट्रको मानव पुँजी कमजोर हुनु पनि हो।

नेपालको संविधानले यस विषयलाई अत्यन्त गम्भीर रूपमा लिएको छ। संविधानको धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ। यसले राज्यलाई वातावरण संरक्षण गर्ने संवैधानिक दायित्व दिएको छ। त्यसैगरी वातावरण संरक्षण ऐन, २०७६ ले विकास आयोजना सञ्चालन गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्नुपर्ने, प्रदूषण नियन्त्रणका उपाय अनिवार्य रूपमा अपनाउनुपर्ने तथा वातावरणीय व्यवस्थापन योजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। वातावरण संरक्षण नियमावली, २०७७ ले पनि वातावरणीय अध्ययन, अनुगमन र सुधारात्मक उपायलाई कानुनी रूपमा अनिवार्य बनाएको छ।

काठमाडौंको वायु प्रदूषणलाई बुझ्न यसको भूगोल पनि बुझ्न आवश्यक छ। चारैतिर पहाडले घेरिएको काठमाडौं उपत्यका प्राकृतिक रूपमा एउटा बटुकाको आकार जस्तो छ। यस्तो भौगोलिक बनावटमा हावा सहज रूपमा आवतजावत गर्न सक्दैन। विशेषगरी हिउँद र सुक्खा मौसममा हुने तापक्रम उल्टिने प्रक्रियाका कारण सामान्य अवस्थामा जमिन नजिकको तातो हावा माथि उठ्छ र माथिको चिसो हावा तल झर्दै हावाको प्राकृतिक मि श्रण हुन्छ। यस प्रक्रियाले धुलो, धुवाँ र अन्य प्रदूषणहरूलाई माथिल्लो वायुमण्डलतर्फ फैलिन मद्दत गर्छ। तर तापक्रमीय उल्टोपन भएको अवस्थामा यसको ठीक विपरीत, जमिन नजिक चिसो हावा थुनिन्छ र त्यसभन्दा माथि तातो हावाको तह बन्न पुग्छ। यो तातो तहले ढकनी जस्तै काम गर्दै तलको प्रदूषित हावालाई माथि उठ्न दिँदैन। फलस्वरूप धुलो, धुवाँ, सवारीसाधनबाट निस्कने सूक्ष्म कण उद्योग तथा इँटा भट्टाबाट उत्सर्जित प्रदूषणहरू उपत्यकाभित्रै थुनिन्छन् र वायुको गुणस्तर तीव्र रूपमा बिग्रन्छ। प्रदूषित हावा माथि उठ्न नसकी जमिनको सतह नजिकै थुनिने कारण धुलो, धुवाँ र अन्य प्रदूषणहरू लामो समयसम्म उपत्यकामै जमिरहन्छन्। यही कारण समान मात्राको प्रदूषणले पनि काठमाडौंमा अन्य खुला भूभागको तुलनामा धेरै प्रभाव पार्छ।

यही अवस्थालाई इसिमोडले पनि हिमाली उपत्यकाहरूमा वायु प्रदूषण नियन्त्रणका लागि विशेष रणनीति आवश्यक हुने कारणमध्ये एक मानेको छ। काठमाडौंको धुलोका स्रोतहरू बहुआयामिक छन्। सबैभन्दा पहिलो स्रोत अव्यवस्थित निर्माण कार्य हो। सडक विस्तार, खानेपानी, ढल, विद्युत् र अन्य पूर्वाधार निर्माणका क्रममा निर्माणस्थललाई खुला छोड्ने, पानी नछर्किने र धुलो नियन्त्रणका अस्थायी संरचना नबनाउने प्रवृत्ति व्यापक छ। निर्माण सम्पन्न भएपछि सडकलाई समयमै कालोपत्रे नगर्दा सवारीको आवागमनसँगै ठूलो मात्रामा धुलो उड्छ।

दोस्रो ठूलो स्रोत निर्माण सामग्रीको ढुवानी हो। काठमाडौं उपत्यकाबाहिरबाट आउने टिप्पर र ट्रकहरूले बालुवा, गिट्टी, माटो तथा सिमेन्ट खुला रूपमा ढुवानी गर्ने गरेका छन्। धेरै सवारीसाधनका टायरमा टाँसिएको माटो सडकमा फैलिन्छ। त्यसपछि हजारौं साना-ठूला सवारीसाधनको आवागमनले त्यही माटोलाई सूक्ष्म धुलोमा परिणत गर्छ। यदि निर्माण सामग्री अनिवार्य रूपमा ढाकेर ल्याउने र काठमाडौं प्रवेश गर्ने प्रमुख नाकामा गाडी वास सिस्टम स्थापना गर्ने व्यवस्था लागू गर्न सकियो भने धुलोको ठूलो हिस्सा प्रारम्भिक चरणमै नियन्त्रण गर्न सकिन्छ।

तेस्रो स्रोत भनेका पुराना र अत्यधिक प्रदूषण गर्ने सवारीसाधन हुन्। डिजेलबाट चल्ने पुराना बस, ट्रक तथा अन्य सवारीसाधनले उत्सर्जन गर्ने धुवाँमा मिसिने सूक्ष्म कणहरूले धुलोको प्रभावलाई अझ गम्भीर बनाउँछन्। अत्याधिक धुवाँ फाल्ने सवारीसाधन काठमाडौंको सडकमा ठूलो संख्यामा गुड्छन्। यसका अतिरिक्त सडक किनारमा थुपारिएका निर्माण सामग्री, खुला जग्गा, नदी किनारका सुक्खा क्षेत्र तथा कच्ची सडकहरू पनि धुलोका स्थायी स्रोत बनेका छन्।

वास्तवमा काठमाडौंको समस्या धुलो उत्पादन हुनुमात्र होइन; धुलो उत्पादन गर्ने प्रत्येक स्रोतलाई नियन्त्रण गर्ने स्पष्ट प्रणालीको अभाव हो। विकास आयोजना सञ्चालन गर्ने निकाय, सडक विभाग, स्थानीय सरकार, निर्माण कम्पनी, यातायात व्यवसायी र नागरिक–सबैको जिम्मेवारी जोडिने विषयलाई अहिलेसम्म कसैले पनि समग्र रूपमा लिएको देखिँदैन। यही कारण विकासका प्रत्येक नयाँ आयोजनासँगै धुलो पनि समानान्तर रूपमा विस्तार हुँदै गएको छ।

काठमाडौंले विश्वका सफल सहरहरूबाट धेरै कुरा सिक्न सक्छ। सिंगापुरमा निर्माण अनुमति प्राप्त गर्नुअघि नै धुलो नियन्त्रणका उपायहरू स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ। निर्माणस्थल वरिपरि धुलो रोक्ने जाली, नियमित पानी छर्किने प्रणाली, सडक सफा गर्ने उपकरण तथा सामग्री ढाकेर मात्र ढुवानी गर्ने व्यवस्था कडाइका साथ लागू गरिन्छ। नियम उल्लंघन गर्ने कम्पनीलाई ठूलो आर्थिक जरिवाना र काम रोक्ने अधिकार सरकारसँग हुन्छ।

दक्षिण कोरियाको सियोलले अत्याधुनिक भ्याकुम रोड स्विपर, स्वचालित सडक धुने सवारी, हरित करिडोर र प्रदूषणको वास्तविक समय अनुगमन प्रणालीमार्फत सडकधुलो नियन्त्रणमा उल्लेखनीय सफलता हासिल गरेको छ। जापानको टोकियोमा निर्माण कम्पनीले धुलो नियन्त्रण योजना स्वीकृत नगरी कुनै ठूलो आयोजना सुरु गर्न पाउँदैन। निर्माण अवधिभर वातावरणीय मापदण्डको नियमित निरीक्षण गरिन्छ। यी माथिका देशहरूको उदहारण हेर्दा धुलो नियन्त्रण प्रविधिको मात्र होइन, कडा प्रशासनिक अनुशासनको पनि विषय हो।

नेपालले संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य (एसडीजी ११) अन्तर्गत सुरक्षित, समावेशी, लचिलो र दिगो सहर निर्माण गर्ने प्रतिबद्धता जनाएको छ। तर दिगो सहरको पहिलो सर्त नै स्वच्छ हावा हो। यदि नागरिकले स्वस्थ भएर सास फेर्न सक्दैनन् भने स्मार्ट सिटी, नयाँ सहर, आधुनिक सडक वा अग्ला भवनको अर्थ सीमित हुन्छ।

अब प्रश्न उठ्छ–काठमाडौंलाई धुलोमुक्त बनाउन के गर्न सकिन्छ?

सबैभन्दा पहिले संघीय सरकारले राष्ट्रिय वायु गुणस्तर व्यवस्थापनलाई उच्च प्राथमिकता दिनुपर्छ। निर्माण आयोजनाका लागि डस्ट म्यानेजमेन्ट योजना अनिवार्य लागू गर्नुपर्छ। वातावरणीय प्रभाव मूल्यांकनमा धुलो नियन्त्रणको स्पष्ट मापदण्ड समावेश गर्नुपर्छ। स्वच्छ सार्वजनिक यातायातलाई प्रोत्साहन गर्ने, पुराना प्रदूषणकारी सवारीसाधन क्रमशः विस्थापन गर्ने तथा वायु गुणस्तर अनुगमन केन्द्रहरूको संख्या बढाउने काम संघीय सरकारको नेतृत्वमा हुनुपर्छ। बागमती प्रदेश सरकारले काठमाडौं उपत्यकामा प्रवेश गर्ने निर्माण सामग्रीको ढुवानी व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ। प्रमुख प्रवेश नाकाहरूमा गाडी वास सिस्टम स्थापना गरी सवारीसाधनका टायर सफा गर्ने व्यवस्था गर्न सकिन्छ। निर्माणसामग्री अनिवार्य रूपमा ढाकेरमात्र ढुवानी गर्नुपर्ने नियम कडाइका साथ लागू गर्नुपर्छ। प्रदेशस्तरबाट अन्तरपालिका समन्वय गरी सडक मर्मत तथा प्रदूषण नियन्त्रण कार्यक्रम सञ्चालन गर्न सकिन्छ।

काठमाडौं महानगरपालिका तथा उपत्यकाका अन्य स्थानीय तहको भूमिका सबैभन्दा निर्णायक हुन्छ। नियमित सडक धुने, आधुनिक भ्याकुम रोड स्विपरको संख्या बढाउने, फुटपाथमा परमिएवल टायल्सको प्रयोग गर्ने, खुला रूपमा निर्माण सामग्री राख्न प्रतिबन्ध लगाउने, निर्माणस्थलमा धुलो नियन्त्रणको निरीक्षण गर्ने, हरित करिडोर विकास गर्ने र नदी किनारको पुनर्जीवनलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ। निर्माण कम्पनीले नियम उल्लंघन गरे तत्काल आर्थिक दण्ड र काम रोक्ने अधिकार स्थानीय तहले प्रभावकारी रूपमा प्रयोग गर्नुपर्छ।

सभामुख र सांसदकै गाउँ बर्सेनि हिलोमा, बिरामी बोक्न पनि सकस



विकास रौनियार | *धादिङ*

देशको सर्वोच्च राजनीतिक नेतृत्वमध्येका वर्तमान सभामुखको पुर्ख्यौली गाउँ र धादिङ-२ का सांसदको गृहगाउँ नै वर्षा लाग्नेबित्तिकै सडक समस्याले थलिने गरेको छ। धादिङको ज्वालामुखी गाउँपालिका-२ मैदी, जहाँ सभामुख डीपी अर्यालको पुर्ख्यौली घर र सांसद बोधनारायण श्रेष्ठको घर रहेको छ, त्यहाँका स्थानीयले वर्षौंदेखिको सडक समस्याबाट अझै मुक्ति पाउन सकेका छैनन्।

निर्वाचनका बेला विकासका प्रतिबद्धता गर्ने नेताहरू अहिले राज्यको उच्च तहमा पुगे पनि गाउँ जोड्ने सडक वर्षा सुरु हुनासाथ हिलो र लेदोले अवरुद्ध हुने क्रम दोहोरिएको स्थानीयको गुनासो छ।

ज्वालामुखी गाउँपालिकाका वडा नम्बर १, २, ३ र ४ लाई जोड्ने ससाह-अमराई मैदी सडक, पाल्पा भन्ज्याङ-साँधभन्ज्याङ-मैदी सडक तथा ढोला-मैदी सडक निरन्तर वर्षापछि हिलाम्मे बनेका छन्। सडकको अवस्था बिग्रिएपछि सवारीसाधन सञ्चालन गर्न कठिन भएको छ भने केही स्थानमा बोलेरो जस्ता गाडीलाई डोजरले तानेर वारपार गराउनुपर्ने अवस्था रहेको स्थानीय राजकुमार श्रेष्ठले बताए।

उनका अनुसार गाउँबाट बाहिरिने र गाउँ फर्किने यातायात प्रभावित हुँदा दैनिक जनजीवन कष्टकर बनेको छ। गम्भीर बिरामीलाई अस्पताल पुऱ्याउन एम्बुलेन्ससमेत सहज रूपमा सञ्चालन गर्न नसकिने अवस्था रहेको स्थानीयको भनाइ छ। ज्वालामुखी गाउँपालिका-४ का सुजन सिंखडाका अनुसार सडकमा अत्यधिक हिलो भएपछि मोटरसाइकलसमेत सञ्चालन गर्न कठिन भएको छ। वडा नम्बर ३ को डुँडेभञ्ज्याङ, बरामगाउँ र वडा नम्बर ४ को पुर्सुक-अर्याल गाउँ क्षेत्रका सडक पनि पैदल हिँड्नै कठिन हुने गरी बिग्रिएका छन्। वैकल्पिक सडक नहुँदा गाउँवासी थप समस्यामा परेका छन्।

ससाह-अमराई-मैदी सडक अन्तर्गत नीलकण्ठ नगरपालिका-८ को धौखोला खेत क्षेत्रमा सडक बिग्रिएपछि केही दिनदेखि मैदीतर्फको नियमित यातायात सेवा नै प्रभावित भएको छ।

स्थानीयका अनुसार गाउँ पुग्ने चारैतर्फका सडक अवरुद्ध हुँदा आकस्मिक स्वास्थ्य सेवा समेत जोखिममा परेको छ। स्थानीय स्वास्थ्य संस्थामा उपचार सम्भव नभएका बिरामीलाई जिल्ला सदरमुकाम लैजान कठिन भएको उनीहरूको भनाइ छ। स्वास्थ्यकर्मी बिदामा बाहिरिएका बेला वा महामारी फैलिएको अवस्थामा अवस्था झनै जटिल हुन सक्ने भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

स्थानीयवासीले बर्सेनि दोहोरिने समस्याको स्थायी समाधान हुन नसक्नुमा निर्माण कार्य समयमै सम्पन्न नहुनु र वर्षायाममा नदीजन्य सामग्री उत्खननमा कानुनी प्रतिबन्धका कारण सडक मर्मत प्रभावित हुने गरेको बताएका छन्।

यता ज्वालामुखी गाउँपालिका अध्यक्ष यमनाथ दनेल स्थानीय तहले समस्या समाधानका लागि प्रयास गरिरहेको बताए। उनका अनुसार सवारीसाधन फसेमा तत्काल स्काभेटर वा डोजर प्रयोग गरेर वारपार गराउने व्यवस्था गरिएको छ। एम्बुलेन्स सञ्चालन गर्नुपर्ने अवस्थामा पनि आवश्यक उपकरण परिचालन गरी सेवा निरन्तर राख्ने प्रयास भइरहेको उनले बताए।

अध्यक्ष दनेले सडक स्तरोन्नतिको काम जारी रहेकाले नीलकण्ठ क्षेत्रमा सडक बिग्रिँदा त्यसको प्रत्यक्ष असर मैदी क्षेत्रमा परेको उल्लेख गर्दै वर्षा कम भएपछि स्थायी मर्मत र निर्माण कार्यलाई तीव्रता दिइने बताए।

उता धादिङ-२ का सांसद बोधनारायण श्रेष्ठले एक रेडियो अन्तर्वार्तामा वर्षेनी स्थानीयले सडकका कारण सास्ती भोग्नुपरेको स्वीकार गर्दै दीर्घकालीन समाधान हुने गरी सडक निर्माण गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

राजनीतिक नेतृत्वले समाधानका लागि पहल भइरहेको दाबी गरे पनि स्थानीय भने हरेक वर्ष उही समस्या दोहोरिँदा विकासका प्रतिबद्धता व्यवहारमा नउत्रिएको गुनासो गरिरहेका छन्।

दाङबाट सुरु भयो नयाँ प्रणालीमार्फत सवारी चालक अनुमतिपत्र नवीकरण

दाङ (अन्नपूर्ण) : सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) नवीकरण कार्य नयाँ प्रविधिमा लगिए पछि तेस्को असर देशभर भइरहँदा दाङमा भने सेवा सुरु गरिएको छ। देशभर प्रणाली बन्द भइरहेका बेला यातायात व्यवस्था कार्यालय दाङबाट भने नयाँ प्रणालीमार्फत सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) नवीकरण कार्य सफलतापूर्वक सुरु भएको हो।

मिति २०८३ साउन १ गतेदेखि लागू गरिएको नयाँ प्रणालीमार्फत लाइसेन्स नवीकरणको काम दाङबाट मात्रै सञ्चालनमा आएको कार्यालयले जनाएको छ। नयाँ प्रणाली सुरु भएसँगै नेपालमै पहिलोपटक ४ जना सेवाग्राहीले सेवा लिइसकेका छन्।

यसरी नयाँ प्रणाली मार्फत लाइसेन्स नवीकरण गराउने पहिलो सेवाग्राही जय बहादुर पुन बनेका छन्। कार्यालयका कम्प्युटर अधिकृत वीरेन्द्र घर्तीका अनुसार देशभर नयाँ प्रणालीमा जाँदा प्राविधिक कारणले सेवा अवरुद्ध भइरहेको अवस्थामा दाङ कार्यालयले भने सफलतापूर्वक नयाँ प्रणाली लागू गरी सेवा प्रवाह गर्न सफल भएको बताए।

नयाँ प्रविधिको प्रयोगले आगामी दिनमा सेवा प्रवाह थप चुस्त, पारदर्शी र सहज हुने विश्वास लिइएको छ। सेवा सुरु नहुँदा दैनिक ३ जना प्रभावित भइरहेका थिए। अब त्यो सहज भएको घर्तीले बताए।

सुनसरीमा लागेको निषेधाज्ञा हटयो

सुनसरी (अन्नपूर्ण) : जिल्ला प्रशासन कार्यालय सुनसरीले जिल्लामा जारी रहेको निषेधाज्ञा पूर्ण रूपमा हटाएको छ।

प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याललले सोमबार जारी गरेको सूचनाअनुसार जिल्लामा विकसित पछिल्ला घटनाक्रमको समीक्षा गर्दा सुरक्षा अवस्था सुधारोन्मुख रहेको निष्कर्षपछि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ (क) बमोजिम यसअघि जिल्लाका विभिन्न स्थानमा लागू गरिएको निषेधाज्ञा हटाइएको हो।

देवानगन्ज गाउँपालिका-३ कप्तानगन्ज घटनापछि सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै सुनसरीमा विभिन्न क्षेत्रमा चरणबद्ध रूपमा कर्फ्यु तथा त्यसपछि निषेधाज्ञा लागू गरिएको थियो।

पछिल्लो समय जिल्लाको शान्ति-सुरक्षा अवस्था सामान्य बन्दै गएको मूल्यांकनपछि प्रशासनले निषेधाज्ञा हटाएको जनाएको छ।

२४ घण्टा नबित्दै थुनामुक्त भए दुर्गा प्रसाईं

भक्तपुर (अन्नपूर्ण): भक्तपुर जिल्ला अदाललते मेडिकल व्यवसायी दुर्गा प्रसाईलाई हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप्न अस्वीकार गरेको छ।

पक्राउ परेको भोलिपल्टै म्याद थपका लागि सोमबार अदालत पेस गरिएका प्रसाईका विरुद्ध प्रहरीले पेस गरेको साढे ७ मिनेटको भिडियो सामग्री र प्रतिवेदनका आधारमा थुना बाहिरै राखेर मुद्दा अघि बढाउन सकिने अदालतको ठहर छ। उनले गुम्बाभित्र हतियार रहेको तथा जातजाति भड्काउने अभिव्यक्ति दिएका थिए। प्रसाईले 'प्रमाण नष्ट गर्न सक्ने' वा 'भागी जान सक्ने' कुनै ठोस आधार पेस गर्न नसकेकाले उनलाई थुनामै राख्नु अनिवार्य नदेखिएको अदालतको आदेशमा उल्लेख छ। उनी सोमबार साँझ नै थुनामुक्त भइसकेका छन्।

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

कटहरी, मोरङ्ग, कोशी प्रदेश

कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०४/१९ (अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिकबाट प्रकाशित)

यस लघुवित्त वित्तीय संस्थाबाट चल-अचल सम्पत्ति सुरक्षण वापत् धितो राखी तथा सामुहिक जमानतमा तपसिलका ऋणीले लिएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस लघुवित्त वित्तीय संस्थासँगको शर्त कबुलियत बमोजिम समय-समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस लघुवित्त वित्तीय संस्थामा सम्पर्क राखी लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानुन तथा यस लघुवित्त वित्तीय संस्थासँग गरेको लिखत बमोजिम धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी लघुवित्त वित्तीयसंस्थाको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै उक्त चल अचल श्रीसम्पती लिलाम बिक्रीवाट समेत लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.स.	शाखाको नाम	विवरण	नाम	नागरिकता न.	नागरिकता जारी मिति	नागरिकता जारी जिल्ला	स्थायी ठेगाना	हालको ठेगाना	पति/बुवा	ससुरा/बाजे
१.	नयाँबजार	**ऋणीको विवरण**	**नन्दिका कागते**	०३-१-०४६/९८३३९	२०६७/११/३०	ईलाम	नयाँबजार-५, ईलाम	माईजोगमाई-३, ईलाम	दिनेश कागते	लालमान कागते
		जमानतकर्ताको विवरण	**दिनेश कागते**	७९०६७/८४६	२०६२/०१/२६	ईलाम	नयाँबजार-५, ईलाम	माईजोगमाई-३, ईलाम	लालमान कागते	कुमार थामी
२.	नयाँबजार	**ऋणीको विवरण**	**शोभा प्रधान**	०३-२-०४८/२७०२	२०७४/०४/०५	ईलाम	सुर्योदय-१, ईलाम	माईजोगमाई-३, ईलाम	साजन प्रधान	बुद्धिमान प्रधान
		जमानतकर्ताको विवरण	**सन्देश प्रधान**	०३-१-०४५/८८८७२	२०६५/०३/२२	ईलाम	नमसालीङ्ग-३, ईलाम	माईजोगमाई-३, ईलाम	हरिनारायण प्रधान	बुद्धिमान प्रधान
३.	नयाँबजार	**ऋणीको विवरण**	**राम कुमारी प्रधान**	०३०४५३/५७४	२०६३१/१०/२३	ईलाम	फिक्कल-९, ईलाम	माईजोगमाई-३, ईलाम	बुद्धिमान प्रधान	बम बहादुर प्रधान
		जमानतकर्ताको विवरण	**सन्देश प्रधान**	०३-१-०४५/८८८७२	२०६५/०३/२२	ईलाम	नमसालीङ्ग-३, ईलाम	माईजोगमाई-३, ईलाम	हरिनारायण प्रधान	बुद्धिमान प्रधान
४	नयाँबजार	**ऋणीको विवरण**	**डिल्ली माया निरौला**	०३-०१-७५-०३२५४	२०७५/०९/१८	ईलाम	माईजोगमाई-१, ईलाम	माईजोगमाई-१, ईलाम	ढाका बहादुर निरौला	पहलमान निरौला
		जमानतकर्ताको विवरण	**लोक बाहादुर निरौला**	१०५४	२०५३/१०/२०	ईलाम	नयाँबजार-४, ईलाम	माईजोगमाई-१, ईलाम	ढाका बहादुर निरौला	पहलमान निरौला
५	नयाँबजार	**ऋणीको विवरण**	**जानुका खड्का**	०३०४८३/३१९	२०६३/११/१७	ईलाम	गोर्खे-२, ईलाम	सुर्योदय-१, ईलाम	बुद्धिमान खड्का	टंक बहादुर खड्का
		जमानतकर्ताको विवरण	**दिवस खड्का**	०३-०३-७९-००४९९	२०७९-०८-१३	ईलाम	सुर्योदय-१, ईलाम	सुर्योदय-१, ईलाम	बुद्धिमान खड्का	टंक बहादुर खड्का
६	चिसापानी पंचमी	**ऋणीको विवरण**	**राम कुमारी लिम्बु**	५३	२०४४/११/१७	धनकुटा	मिक्लाजुङ्ग ५, पांचथर	मिक्लाजुङ्ग ५, पांचथर	यामचन सिं लावती	बलहर्क लावती
		जमानतकर्ताको विवरण	**यामचन सिं लावती**	३१/६९९	२०४४/०४/१३	पांचथर	मिक्लाजुङ्ग ५, पांचथर	मिक्लाजुङ्ग ५, पांचथर	बलहर्क लावती	
७	तारापट्टी	**ऋणीको विवरण**	**सहिदा खातुन**	१७३०५६/१३३	२०६३/११/१५	धनुषा	मिथिला बिहारी-४ धनुषा	मिथिला बिहारी-४ धनुषा	सलामत नदाफ	दरगाही धुनिया
		जमानतकर्ताको विवरण	**मोहरम नदाफ**	४२१८२४२१	२०५८/१०/०३	धनुषा	मिथिला बिहारी-४ धनुषा	मिथिला बिहारी-४ धनुषा	जमुना मिंया	कारिवन मिंया
८	तारापट्टी	**ऋणीको विवरण**	**जलिसा खातुन**	४३१८२४३६	२०६३/०२/१७	धनुषा	मिथिला बिहारी-४ धनुषा	मिथिला बिहारी-४ धनुषा	सफिद नदाफ	परलेखी मिंया
		जमानतकर्ताको विवरण	**सफिद नदाफ**	४२१८२४१३	२०५८/०९/१९	धनुषा	मिथिला बिहारी-४ धनुषा	मिथिला बिहारी-४ धनुषा	परलेखी मिंया	०
९	मुढे शनिश्चरे	**ऋणीको विवरण**	**चन्द्रकला शेर्पा**	१०३०३४/११२७	२०७०/०२/२४	संखुवासभा	धर्मदेवी ६ संखुवासभा	धर्मदेवी ६ संखुवासभा	पासाङ्ग शेर्पा	तेन्जीन शेर्पा
		जमानतकर्ताको विवरण	**पासाङ्ग शेर्पा**	१०२०३४/१९८४	२०६८/१२/०६	संखुवासभा	धर्मदेवी ६ संखुवासभा	धर्मदेवी ६ संखुवासभा	तेन्जीन शेर्पा	कर्मा शेर्पा
१०	मुढे शनिश्चरे	**ऋणीको विवरण**	**डोमा शेर्पा**	१०२०३३२३९३	२०६३/११/१४	संखुवासभा	धर्मदेवी ३ संखुवासभा	धर्मदेवी ३ संखुवासभा	पासाङ्ग शेर्पा	सान्ये दावा शेर्पा
		जमानतकर्ताको विवरण	**पासाङ्ग शेर्पा**	३८६/३७	२०५१/०८/२६	संखुवासभा	धर्मदेवी ३ संखुवासभा	धर्मदेवी ३ संखुवासभा	सान्ये दावा शेर्पा	फुर्वा शेर्पा
११	ताप्ली	**ऋणीको विवरण**	**इन्द्रमाया मगर**	१४३०३१/२७३	२०६३।११।२०	उदयपुर	ताप्ली २, उदयपुर	ताप्ली २, उदयपुर	दुर्ग बहादुर आले मगर	लिल बहादुर आले मगर
		जमानतकर्ताको विवरण	**दुर्ग बहादुर आले मगर**	३६३९६/१९३६	२०५४।११।१९	उदयपुर	ताप्ली २, उदयपुर	ताप्ली २, उदयपुर	लिल बहादुर आले मगर	बिर्ख बहादुर आले मगर
१२	ताप्ली	**ऋणीको विवरण**	**मन्दिरा राई**	१४-१३-७५-००२८८	२०७५।०८।११	उदयपुर	ताप्ली २, उदयपुर	ताप्ली २, उदयपुर	घमण्ड बहादुर राई	गलध्वज राई
		जमानतकर्ताको विवरण	**पूर्ण बहादुर राई**	४६१०१/१९९७	२०५७।०३।२६	उदयपुर	ताप्ली २, उदयपुर	ताप्ली २, उदयपुर	घमण्ड बहादुर राई	गलध्वज राई
१३	ताप्ली	**ऋणीको विवरण**	**देवी कुमारी राई**	१४३०३५/३६३	२०६३।११।०६	उदयपुर	ताप्ली ५, उदयपुर	ताप्ली ५, उदयपुर	हेम बहादुर राई	ऐत सिंह राई
		जमानतकर्ताको विवरण	**हेम बहादुर राई**	७७२९७	२०६२।१०।०६	उदयपुर	ताप्ली ५, उदयपुर	ताप्ली ५, उदयपुर	ऐत सिंह राई	कविर ध्वज राई
१४	ताप्ली	**ऋणीको विवरण**	**हिरासरी राई**	१४-१३-७५-०००२१	२०७५।०८।१०	उदयपुर	ताप्ली ५, उदयपुर	ताप्ली ५, उदयपुर	प्रेम राई	हेम बहादुर राई
		जमानतकर्ताको विवरण	**प्रेम राई**	१४-०२-७५-०२०३६	२०७५।११।०६	उदयपुर	ताप्ली ५, उदयपुर	ताप्ली ५, उदयपुर	हेम बहादुर राई	ऐत सिंह राई
१५	ताप्ली	**ऋणीको विवरण**	**एलिना राई**	१४३०३१/२२५	२०६३।११।२०	उदयपुर	लेखगाउँ ९, उदयपुर	ताप्ली २, उदयपुर	पूर्ण बहादुर राई	घमण्ड बहादुर राई
		जमानतकर्ताको विवरण	**पूर्ण बहादुर राई**	४६१०१/१९९७	२०५७।०३।२६	उदयपुर	ताप्ली २, उदयपुर	ताप्ली २, उदयपुर	घमण्ड बहादुर राई	गलध्वज राई
१६	ताप्ली	**ऋणीको विवरण**	**सविना मगर**	२५-०१-६९-१०११	२०६९।०२।०४	उदयपुर	भटुटार ८, नुवाकोट	ताप्ली २, उदयपुर	खड्ग बहादुर मगर	टेक बहादुर मगर
		जमानतकर्ताको विवरण	**खड्ग बहादुर मगर**	१४३०३१/३०७	२०६३।११।२०	उदयपुर	लेखगाउँ ६, उदयपुर	ताप्ली २, उदयपुर	टेक बहादुर मगर	हिन्द बहादुर मगर
१७	मधुवन	**ऋणीको विवरण**	**सकिना खातून**	६३०९६।२	२०७०।०२।०९	सुनसरी	भोक्राहा १	भोक्राहा १	मो.जाहिर मिया	पिदम मिया
		जमानतकर्ताको विवरण	**मो.जाहिर मिया**	०६३०३६।६१	२०६३।११।२५	सुनसरी	भोक्राहा १	भोक्राहा १	पिदम मिया	सूल्तान मिया
१८	मधुवन	**ऋणीको विवरण**	**कलमी देवी महतो**	२३८२४।२५८२४	२०५२।०७।१५	सुनसरी	भोक्राहा २	भोक्राहा २	दयाराम महतो	अनूप लाल महतो
		जमानतकर्ताको विवरण	**दयाराम महतो**	७१७४१२५	२०७४।०२।२३	सुनसरी	भोक्राहा २	भोक्राहा २	अनुप लाल महतो	रबि मेहता
१९	मधुवन	**ऋणीको विवरण**	**जैतून खातून**	९३६०५।९३६०६	२०६१।०८।२७	सुनसरी	भोक्राहा २	भोक्राहा २	रहमूदीन मिया	वकास मिया
		जमानतकर्ताको विवरण	**रहमूदीन मिया**	७३२।५५७७	२०७७।०३।१८	सुनसरी	भोक्राहा २	भोक्राहा २	वकास मिया	किस्मत मिया
२०	रोडशेष	**ऋणीको विवरण**	**शर्मिला राई**	०५१०६६।६६४०	२०६७/१२/२८	मोरङ्ग	बिराटनगर-१५ मोरङ्ग	बिराटनगर ११ पन्च मुखि चौक	वर्मानन्द कुमार सहनी	दुखिलाल सहनी
		जमानतकर्ताको विवरण	**वर्मानन्द कुमार सहनी**	०५३८०/४१२	२०६३/१२/२८	मोरङ्ग	बिराटनगर-१५ मोरङ्ग	बिराटनगर ११ पन्च मुखि चौक	दुखिलाल सहनी	नन्नु लाल सहनी
२१	रंगेली	**ऋणीको विवरण**	**अनिता कूमारी यादव**	०५-०१-७५-०८६२०	२०७५/०९/१६	मोरङ्ग	बिराटनगर १८, मोरंग	रंगेली ९, मोरंग	पंकज कुमार यादव	शंकर यादव
		जमानतकर्ताको विवरण	**भूपेन्द्र प्रसाद यादव**	४५५४/५९१	२०५४/१०/०६	मोरङ्ग	दर्वैशा ५, मोरंग	रंगेली ९, मोरंग	लक्ष्मण यादव	
२२	रंगेली	**ऋणीको विवरण**	**झुन्नी देवी मंडल**	०५२०५०-१६८७	२०६७/०१/१७	मोरङ्ग	रंगेली ९, मोरंग	रंगेली ७, मोरंग	नारायण मंडल	सौदागर मंडल
		जमानतकर्ताको विवरण	**नारायण मंडल**	७६३९-८०	२०४६/०३/२३	मोरङ्ग	रंगेली ४, मोरङ्ग	रंगेली ७, मोरङ्ग	सौदागर मंडल	
२३	अमरदह	**ऋणीको विवरण**	**निशा राजवंशी**	०५२००१/२१२०	२०६८/०१/१८	मोरङ्ग	अमरदह-९	सुनबर्षी ४, मोरङ्ग	डम्बर बहादुर राजवंशी	धकना राजवंशी
		जमानतकर्ताको विवरण	**बिर बाहदुर रवजवंशी**	०४४५०	२०४५/०१/२२	मोरङ्ग	अमरदह-९	सुनबंषी-४	नरायण प्रसाद राजवंशी	धकना राजवं
२४	बिराटनगर	**ऋणीको विवरण**	**गिता कुमारी यादव**	६९७९६	२०५९।६।९	मोरङ्ग	बुधनगर-५	बिराटनगर-५	भक्ती कुमार यादव	बच्चा लाल यादव
		जमानतकर्ताको विवरण	**भक्ती कुमार यादव**	७७३०९	२०६०।५।३१	मोरङ्ग	बिराटनगर-५	बिराटनगर-५	भक्ती कुमार यादव	बच्चा लाल यादव
२५	बिराटनगर	**ऋणीको विवरण**	**श्रीमती सिता यादव**	१।८५८	२०४४।११।१४	मोरङ्ग	बिराटनगर-४	बिराटनगर-४	भागवत यादव	सुभकी यादव
		जमानतकर्ताको विवरण	**भागवत यादव**	१५४३	२०३३।०९।०६	मोरङ्ग	इकराही	बिराटनगर ४	भागवत यादव	सुभकी यादव
२६	कर्सिया	**ऋणीको विवरण**	**गुल्सन खातुन**	९७८०/९१४	२०५७/०२/२९	मोरङ्ग	सोराभाग-२, मोरङ्ग	धनपालथान-४, मोरङ्ग	अर्सद अनसारी	अजिज अनसारी
		जमानतकर्ताको विवरण	**रसिदा खातुन**	०५२०६१/९९९६	२०६८/१२/२०	मोरङ्ग	रंगेली-२, मोरङ्ग	रंगेली-२, मोरङ्ग	रसुल अनसारी	हविबुला अनसारी
२७	कर्सिया	**ऋणीको विवरण**	**उर्मिला राजबंशी**	०५२०६१/५२१५	२०६७/०६/२०	मोरङ्ग	सोराभाग-८, मोरङ्ग	धनपालथान-३, मोरङ्ग	राम देव राजबंशी	चैतुलाल राजबंशी
		जमानतकर्ताको विवरण	**राम देव राजबंशी**	१८०७	२०४२/०२/१६	मोरङ्ग	सोराभाग-८, मोरङ्ग	धनपालथान-३, मोरङ्ग	चैतुलाल राजबंशी	०
२८	कर्सिया	**ऋणीको विवरण**	**कला देवी सरदार**	१४२५९	२०६६/१२/०५	मोरङ्ग	धनपालथान-३, मोरङ्ग	धनपालथान-३, मोरङ्ग	सुरजा सरदार	सुकराती सरदार
		जमानतकर्ताको विवरण	**सुरजा सरदार**	०५३०६९/१२९	२०३४/१२/०६	मोरङ्ग	धनपालथान-३, मोरङ्ग	धनपालथान-३, मोरङ्ग	सुकराती सरदार	०
२९	कर्सिया	**ऋणीको विवरण**	**पुनमदेवी सरदार**	२०६१/१११८९	२०६९/०५/१८	मोरङ्ग	सोराभाग-९, मोरङ्ग	धनपालथान-३, मोरङ्ग	जोगिन्दर सरदार	कुशेश्वर सरदार
		जमानतकर्ताको विवरण	**जोगिन्दर सरदार**	०५३०६१/८१७	२०६३/१२/१६	मोरङ्ग	सोराभाग-९, मोरङ्ग	धनपालथान-३, मोरङ्ग	कुशेश्वर सरदार	०
३०	सिजुवा	**ऋणीको विवरण**	**अन्नी देवी ताजपुरिया**	३७६७/१७५	२०४६/०२/१०	मोरङ्ग	झुर्किया-९, मोरङ्ग	रतुवामाई-४, मोरङ्ग	सुन्दर लाल ताजपुरिया	अगम लाल ताजपुरिया
		जमानतकर्ताको विवरण	**जितेश्वर प्रसाद ताजपुरिया**	०५२०१४/३५६०	२०६६/११/११	मोरङ्ग	झुर्किया-९, मोरङ्ग	रतुवामाई-४, मोरङ्ग	सुन्दर लाल ताजपुरिया	अगम लाल ताजपुरिया
३१.	सिजुवा	**ऋणीको विवरण**	**शान्ति देवी दास**	०५३०३४/१११९	२०६३/१०/१९	मोरङ्ग	बरडंगा-९, मोरङ्ग	सुनवर्षि-७, मोरङ्ग	प्रेम लाल दास केवरत	जहाद लाल दास केवरत
		जमानतकर्ताको विवरण	**गोविन लाल दास केवरत**	०५-०६-७७-०१४३०	२०७७/०९/०२	मोरङ्ग	बरडंगा-९, मोरङ्ग	सुनवर्षि-७, मोरङ्ग	प्रेम लाल दास केवरत	जहाद लाल दास केवरत
३२.	सिजुवा	**ऋणीको विवरण**	**मंहगी देवी अमात्य**	०५३०१४/५०	२०६३/१२/०९	मोरङ्ग	झुर्किया-१, मोरङ्ग	रतुवामाई-४, मोरङ्ग	विष्णु अमात्य	मकदिन अमात्य
		जमानतकर्ताको विवरण	**भागो देवी अमात्य**	०५१३७०/००२९	२०७०/०१/२०	मोरङ्ग	झुर्किया-१, मोरङ्ग	रतुवामाई-४, मोरङ्ग	गुन्जन अमात्य	नेडरिया अमात्य
३३.	सिजुवा	**ऋणीको विवरण**	**फेकनी खातुन**	०५२०१४/२९९६	२०६६/०२/३१	मोरङ्ग	झुर्किया-५, मोरङ्ग	रतुवामाई-२, मोरङ्ग	ईस्लाम मिया	कलि उद्दिन मिया
		जमानतकर्ताको विवरण	**नौसाद मिया**	०५-०६-७८-०१९२२	२०७८/०६/०६	मोरङ्ग	झुर्किया-४, मोरङ्ग	रतुवामाई-४, मोरङ्ग	कैयम मिया	रियाजुल मिया
३४.	पृथ्वीनगर	**ऋणीको विवरण**	**शान्ती लिम्बु**	०४३०२३/३३३	२०६३/११/०२	झापा	पृथ्वीनगर-२	भद्रपुर २	पूर्ण बहादुर लिम्बु	मंगल सिहं लिम्बु
		जमानतकर्ताको विवरण	**प्रशान्त लिम्बु**	०४-०१-७७-००००४	२०७७/०३/०१	झापा	पृथ्वीनगर-२	भद्रपुर २	पूर्ण बहादुर लिम्बु	मंगल सिहं लिम्बु
३५.	पृथ्वीनगर	**ऋणीको विवरण**	**प्रण्किा लावर**	०४-०१-७१-०८१३५	२०७१/०७/२४	झापा	भद्रपुर-४	भद्रपुर २, झापा	इन्द्र बहादुर सुन्दास	पदम बहादुर सुन्दान
		जमानतकर्ताको विवरण	**ईन्द्र बहादुर सुन्दास**	०४१०२३/१२०७	२०६७/०८/२६	झापा	भद्रपुर-४	भद्रपुर-४, झापा	पदम बहादुर सुन्दान	
३६.	पृथ्वीनगर	**ऋणीको विवरण**	**चन्द्रिका भित्रीकोटी**	०४१०२६/३२२	२०६७/०३/११	झापा	भद्रपुर-४	भद्रपुर २, झापा	देवेन्द्र बहादुर भित्रीकोटी	सुर्य बहादुर भित्रीकोटी
		जमानतकर्ताको विवरण	**देवेन्द्र बहादुर भित्रीकोटी**	०४१०२६/१५९	२०६३/११	झापा	भद्रपुर-४	भद्रपुर ४, झापा	सुर्य बहादुर भित्रीकोटी	
३७.	पृथ्वीनगर	**ऋणीको विवरण**	**सन्ध्या राजभण्डारी**	०१५०३२/९७	२०६३/११/०९	ताप्लेजुङ्ग	चाक्सिबोटे ४, ताप्लेजुङ्ग	भद्रपुर २, झापा	गणेश कुमार श्रेष्ठ	मेदनी प्रसाद श्रेष्ठ
		जमानतकर्ताको विवरण	**गणेश कुमार श्रेष्ठ**	९९०१३५१०	२०६०/१२/२८	झापा	पृथ्वीनगर-७, झापा	भद्रपुर २, झापा	मेदनी प्रसाद श्रेष्ठ	
३८.	जितपुर	**ऋणीको विवरण**	**मनिसा तुम्वा**	०७-०१-७७-००१४८	२०७७/०६/०४	धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	पुष्प बहादुर पराजुली	कृष्ण बहादुर पराजुली
		जमानतकर्ताको विवरण	**पुष्प बहादुर पराजुली**	०७३०३२।३२९	२०६३/११/१०	धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	कृष्ण बहादुर पराजुली	०
३९.	जितपुर	**ऋणीको विवरण**	**सुमित्रा विश्वकर्मा**	०७-०१-७४-००१०१	२०७४/०४/२८	धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	डम्बर बहादुर वि. क.	चन्द्र बहादुर विश्वकर्मा
		जमानतकर्ताको विवरण	**डम्बर बहादुर वि.क.**	०७३०३२।०७५	२०७०/०२/०९	धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	चन्द्र बहादुर विश्वकर्मा	०
४०	जितपुर	**ऋणीको विवरण**	**सुशिला तुम्वा**	१३३२	२०४४/१२/१२	धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	रुप बहादुर तुम्वा	पहलमान तुम्वा
		जमानतकर्ताको विवरण	**धन बहादुर तुम्वा**	७३४७	२०३९/०४/२४	धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	महालक्ष्मी न.पा.७ धनकुटा	रुप बहादुर तुम्वा	पहलमान तुम्वा
४१	जितपुर	**

हर हर महादेव



काठमाडौंको प्रसिद्ध धार्मिकस्थल सुन्दरीजलमा साउन महिनाको तेस्रो सोमबार जल लिन पुगेका हजारौं 'बोल बम' भक्तजन । बिहानैदेखि सुन्दरीजलमा स्नान गरी कलशमा जल भरेर 'हरहर महादेव' र 'बोल बम'को घन्काउँदै भक्तजनहरू पदयात्रामार्फत पशुपतिनाथ मन्दिरतर्फ प्रस्थान गरेका थिए । प्रत्येक वर्ष साउन महिनाको सोमबार सुन्दरीजलको चोखो जल ल्याएर आराध्यदेव श्री पशुपतिनाथमा चढाउनाले मनोकांक्षा पूरा हुने र पुण्यप्राप्त हुने जनविश्वास रहेको छ । साउनमा भगवान् शिवको विशेष पूजा-आराधना र दर्शन गर्न नेपालका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट उल्लेख्य संख्यामा श्रद्धालुहरूको घुइँचो लागेको छ । ● अभिषेक महर्जन

सडकसँगै पानीका मुहान जोगाउने 'रोड फर वाटर' मोडल

हरिबहादुर लम्जेल | *धनकुटा*



- धनकुटा नगरपालिकाले 'रोड फर वाटर' मोडल लागू गर्दै सडक र पानीका मुहान सँगसँगै संरक्षण गर्ने अभ्यास सुरु गरेको छ।
- धनकुटा-८ को त्रिवेणी-याक्चना घाट सडक क्षेत्रमा बायो-इन्जिनियरिङ प्रविधिबाट पानी संकलन, बहाव व्यवस्थापन र कटान नियन्त्रणका संरचना निर्माण भइरहेका छन्।

सडक विस्तारसँगै पानीका मुहान सुक्ने, पहिरो जाने र खानेपानीको संकट गहिरिने समस्या बढिरहेका बेला धनकुटा नगरपालिकाले 'रोड फर वाटर' मोडल लागू गर्दै सडक र पानीका स्रोतलाई सँगसँगै संरक्षण गर्ने नयाँ अभ्यास सुरु गरेको छ।

अन्तर्राष्ट्रिय पर्वतीय विकास केन्द्र (इसिमोड)लगायतका साझेदार संस्थासँगको सहकार्यमा सञ्चालित यो परियोजना धनकुटा नगरपालिका-८ अन्तर्गत त्रिवेणी-याक्चना घाट जोड्ने सडक क्षेत्रमा कार्यान्वयन भइरहेको धनकुटा नगरपालिकाका आर्थिक विकास अधिकृत तथा सूचना अधिकारी विकास अधिकारीले बताए।

उनका अनुसार धनकुटा नगरपालिका-७ र ८ को सीमा क्षेत्रमा अवस्थित थाम्बोङ स्वात कुवामा बायो-इन्जिनियरिङ प्रविधिमार्फत रिजर्भर ट्यांकी, पानी संकलन संरचना, बहाव व्यवस्थापन प्रणाली तथा कटान नियन्त्रणका पूर्वाधार निर्माण भइरहेका छन्।

यसबाट वर्षायाममा सडक कटान कम हुनुका साथै पानीका मुहानमा पुनर्भरण भई स्रोत दीर्घकालसम्म सुरक्षित रहने अपेक्षा गरिएको उनले बताए। सडक विस्तार गर्दा पानीका स्रोतमा कुनै असर नपुग्ने गरी योजना कार्यान्वयन गरिएको छ। परियोजनाबाट मुहानमा आश्रित १ सय १७ घरपरिवार प्रत्यक्ष लाभान्वित हुनेछन्। आगामी दसैंअघि निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ। परियोजनाले पानीको सदुपयोग र सडकको स्थायित्व दुवैमा सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ।

धनकुटा नगरपालिकाका अनुसार यो मोडल पहिलोपटक धनकुटा नगरपालिका- १ हिलेमा परीक्षण गरिएको थियो। त्यहाँको सफलतापछि अहिले वडा नम्बर ८ मा विस्तार गरिएको हो। नगरपालिकाले वैज्ञानिक अध्ययनका आधारमा जोखिममा रहेका मुहानको पहिचान गरी संरक्षणको काम अघि बढाएको जनाएको छ।

नगरपालिकाका सूचना अधिकारीका अनुसार परियोजनाको अर्को विशेषता स्थानीय समुदायको सक्रिय सहभागिता पनि हो। उपभोक्ता समितिमार्फत विशेषगरी महिला र आदिवासी समुदायलाई परिचालन गर्दै उनीहरूलाई पानीका मुहान संरक्षण, स्रोत व्यवस्थापन, बायो-इन्जिनियरिङ प्रविधि तथा जीविकोपार्जनसम्बन्धी सीप प्रदान गरिएको छ।

नगरपालिकाले यस मोडललाई दीर्घकालीन रणनीतिको रूपमा विस्तार गर्दै सडक निर्माणबाट जोखिममा परेका अन्य पानीका मुहानमा पनि लागू गर्ने योजना बनाएको छ।

विकास र वातावरणबीच सन्तुलन कायम गर्ने यो अभ्यास सफल भए अन्य स्थानीय तहका लागि पनि अनुकरणीय मोडल बन्न सक्ने अपेक्षा गरिएको छ।

भारतमा जेन-जी आन्दोलनको प्रभाव

बलियो पकड क्षेत्रमा नै भाजपा पराजित

नयाँ दिल्ली (एजेन्सी): प्रशान्त किशोर अरूलाई चुनाव जिताउन महत गर्थे। तर, यसपटक उनले आफैं चुनाव जितेका छन्। जन स्वराज पार्टीका अध्यक्ष तथा पूर्वचुनावी रणनीतिकार किशोर आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई १९ हजार ३ सय २४ मतान्तरले पराजित गर्दै बिहारको बाँकीपुरबाट नयाँ विधायक बनेका छन्।

निर्वाचन आयोगको तथ्यांकअनुसार उनले कुल ६४ हजार १ सय ५१ मत प्राप्त गरे भने भाजपाका धीरज कुमार (नीरज कुमार) ले ४४ हजार ८ सय २७ मत पाए। उता राष्ट्रिय जनता दलकी रेखा कुमारी १४ हजार २ सय ७३ मतका साथ तेस्रो स्थानमा रहिन्। चुनावी जितपछि किशोरले सञ्चारकर्मीहरूसँग कुरा गर्दै बाँकीपुरमा तत्काल सुधार गर्ने बाचा गरे। 'तीन महिनाभित्र तपाईंहरूले बाँकीपुरमा स्पष्ट परिवर्तन देख्नुहुनेछ। तर त्यसका लागि तपाईंहरूले मलाई तीन महिनाको समय दिनुपर्छ,' उनले भने।

उनले बाँकीपुरका मतदातालाई धन्यवाद दिँदै बिहारको समग्र विकासका लागि काम गर्ने अठोट व्यक्त गरे। 'मेरो ढोका बाँकीपुरका जनताका लागि मात्र नभई सम्पूर्ण बिहारका लागि खुला छ, मैले यहाँ कुनै असाधारण काम गरेको छैन, तर ३० दिनमै भाजपाको ३० वर्ष पुरानो गढ भत्काइदिएको छु,' पटनामा पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'बिहारका जनताले भाजपाको केन्द्रीय नेतृत्वलाई एक असल व्यक्तिलाई बिहारको मुख्यमन्त्री बनाउनुपर्छ भन्ने सन्देश दिएका छन्। उनीहरू आपराधिक पृष्ठभूमि वा शंकास्पद आचरण, चरित्र वा छवि भएको व्यक्तिले बिहारको नेतृत्व गरेको चाहँदैनन्।'

बिहारका मुख्यमन्त्री सम्राट चौधरीले किशोरलाई चुनावी सफलताका लागि बधाई दिएका छन्। 'लोकतन्त्रको यो विशाल महापर्वमा बाँकीपुर विधानसभा उपनिर्वाचनका जनताले जन स्वराजलाई रोजेका छन्। जनताको यस निर्णयको सम्मान गर्दै म प्रशान्त किशोरजीलाई उहाँको जितका लागि हार्दिक बधाई दिन्छु,' उनले सामाजिक सञ्जाल एक्समा हिन्दी भाषामा लेखेका छन्।

बाँकीपुरको उपनिर्वाचन दिल्लीको जन्तरमन्तरमा विद्यार्थीले गरेको विशाल विरोध प्रदर्शनपछि भएको हो, जसले देशभर तरंग ल्याएको थियो। 'जेन-जी' एवं उनीहरूका मुद्दाहरू चुनावी बहसका प्रमुख विषय बनेका थिए। बाँकीपुर भाजपा अध्यक्ष नीतिन नवीनले धेरै कार्यकाल जितेको क्षेत्र हो। कतिपय विश्लेषकहरूले नरेन्द्र मोदी सरकारलाई हल्लाएको जेन-जी आन्दोलनपछिको मिनी जनमत संग्रहको रूपमा समेत लिएका थिए।

सबैभन्दा प्रमुख कारण बाँकीपुर दशकौंदेखि भाजपाको बलियो गढ रहँदै आएको थियो। यस क्षेत्रले धेरै कार्यकालसम्म एक यस्ता नेतालाई हुर्काएको थियो जो पछि गएर भाजपाको राष्ट्रिय अध्यक्ष नै बने। नीतिन नवीन राज्यसभामा प्रवेश गरेपछि यो सिट खाली भएको थियो।

प्रशान्त किशोर आफैं चुनावी मैदानमा उत्रिनु र विद्यार्थी आन्दोलनका बीच धर्मेन्द्र प्रधानले शिक्षामन्त्री पदबाट राजीनामा दिनुले यो प्रतिस्पर्धालाई अझ चाखलाग्दो बनाएको थियो।

केही विश्लेषकहरूका अनुसार यो निर्वाचन बिहारका युवा जेन-जी मतदाताहरूको परीक्षा र उनीहरूले चुनावलाई कसरी प्रभावित पार्न सक्छन् भन्ने कुराको परीक्षण हुनेछ। यद्यपि, नीतिन नवीनले बाँकीपुरमा यसको ठूलो प्रभाव पर्ने कुरालाई अस्वीकार गरेका थिए। उनले गत हप्ता एनडीटीभीसँग कुरा गर्दै भाजपालाई अझै पनि युवाहरूको समर्थन रहेको बताएका थिए।

उम्मेदवारी दर्ता गर्नुभन्दा एक दिनअघि अभिषेककुमार सिन्हाले पारिवारिक कारण देखाउँदै चुनावी मैदानबाट पछि हटेपछि भाजपाले उम्मेदवारी चयनमा समस्या भोगेको थियो। त्यसपछि पार्टीले युवा मोर्चाका नेता नीरज कुमारलाई उम्मेदवार बनाएको थियो।



प्रशान्त किशोरको सानदार चुनावी डेब्यु

मौन मतदाता

जन स्वराजले सन् २०२५ को राज्य निर्वाचन डेब्युमा खाता खोल्न सकेको थिएन। त्यसबेला किशोर आफैं चुनाव लडेका थिएनन्। एक वर्षपछि, उनले राजधानीकै सिट जित्न सफल भएका छन्। बाँकीपुर अब जन सुराज पार्टी र किशोर दुवैले जितेको पहिलो विधानसभा सिट बनेको छ।

किशोरलाई बधाई दिँदै जेएसपीका बिहार प्रमुख मनोज भारतीले बाँकीपुरका जनताले परिवर्तन रोजेको र पार्टीका संस्थापकले सबै वर्गबाट समर्थन पाएको बताए। 'जन स्वराजको आवाज नपुगेको कुनै ठाउँ छैन। बिहारमा लोकतन्त्रलाई जीवित राख्न यो ठूलो जित हो। हामीलाई समर्थन गर्ने ठूलो संख्यामा मौन मतदाताहरू प्राप्त भएका छन्,' उनले भने।

पाठेघरभित्रै शल्यक्रिया

शरीरबाहिर आन्द्रा पलाएका 'चमत्कारी' शिशुको सफल उपचार

क्यामिला हरोक्स | *बीबीसी*

डाक्टरहरूले एउटा नजन्मेको शिशुको पाठेघरभित्रै जटिल शल्यक्रिया गरी जन्मजात रहेको गम्भीर स्वास्थ्य समस्याको सफलतापूर्वक उपचार गरेका छन्।

लन्डनकी मेसी स्याभेज २६ हप्ताको गर्भवती छँदा अमेरिकाका विशेषज्ञ डाक्टरहरूको टोलीले उनको पाठेघरभित्रै रहेको शिशुको शल्यक्रिया गरेको हो।

हाल पाँच महिना पुगेका शिशु 'थियो' पूर्ण रूपमा स्वस्थ छन्। उनलाई जन्मजात 'ग्यास्ट्रोस्चिसिस' नामक जटिल समस्या थियो। यो यस्तो अवस्था हो, जहाँ नाभीको उचित विकास हुन पाउँदैन र शिशुको आन्द्रा पेटबाहिरै पलाउन थाल्छ।

शल्यक्रियाका क्रममा डाक्टरहरूले आमाको पाठेघरलाई आंशिक रूपमा खोलेर 'किहोल सर्जरी' प्रविधिमार्फत शिशुका बाहिर निस्किएका अंगहरूलाई सुस्तरी पेटभित्रै फर्काएका थिए। यस प्रकारको विश्वकै पहिलो क्लिनिकल ट्रायलबाट लाभान्वित हुने थियो तेस्रो शिशु हुन्।

शिक्षिकासमेत रहेकी २९ वर्षीया आमा मेसी र ३६ वर्षीय बुबा जोश फ्रेन्च यो सफल शल्यक्रियापछि निकै आश्वस्त र खुसी छन्। 'उनी हाम्रा लागि एउटा सानो चमत्कार हुन्,' मेसीले बीबीसीसँग खुसी साट्दै भनिन्। तर, परिस्थिति कतिसम्म जोखिमपूर्ण थियो भन्ने कुरा पनि यो दम्पतीलाई राम्ररी थाहा छ।

कति जोखिमपूर्ण हुन्छ यो अवस्था ?

यहीखालको गम्भीर जन्मजात समस्याका कारण बेलायतमा प्रत्येक वर्ष तीन हजारमध्ये एक शिशु प्रभावित हुने गर्छन्। सामान्य अवस्थामा पनि यस्ता शिशुलाई जन्मिएपछि हप्तौंसम्म सघन उपचार कक्ष (एनआईसीयू) मा राख्नुपर्छ र ट्युब वा 'आईभी' मार्फत पोषण दिएर सुधारात्मक शल्यक्रिया गर्नुपर्ने हुन्छ।

थियोको जस्तै जटिल अवस्था भएका शिशुहरूका लागि भने जोखिम झनै उच्च हुन्छ। उनीहरूलाई कम्तीमा ६ महिनासम्म एनआईसीयूमा राख्नुपर्ने, पटक-पटक शल्यक्रिया गर्नुपर्ने, दुई वर्षसम्म ट्युबबाटै खाना दिनुपर्ने र कतिपय अवस्थामा आन्द्रा नै प्रत्यारोपण गर्नुपर्ने हुन्छ। उच्चस्तरीय चिकित्सा सेवा पाउँदापाउँदै पनि यस्ता १० मध्ये एक शिशुको ज्यान जाने गर्छ।

बेलायतदेखि अमेरिकासम्मको कठिन यात्रा

थियोका आमाबाबुलाई सुरुमा शिशुमा कुनै समस्या छ भन्ने पत्तै थिएन।

'गर्भावस्थाको २० हप्तामा हुने नियमित स्क्यानमा जाँदा हामी शिशुको तस्बिर हेर्न पाउने सोचेर उत्साहित मात्र थियौं,' बुबा जोशले सम्झिए, 'त्यतिबेलासम्म पेटको शिशु छोरा हो भन्ने पनि हामीलाई थाहा थिएन।'



तर स्क्यानबाट थियोलाई 'ग्यास्ट्रोस्चिसिस' भएको पत्ता लागेपछि उनीहरू छाँगाबाट खसेजस्तै भए। २४ हप्ताको पुग्दा लन्डनस्थित ग्रेट ओरमन्ड स्ट्रिट हस्पिटलका विशेषज्ञहरूले शिशु जन्मिएपछिका पहिलो ६ महिना कति कष्टकर हुनेछन् भन्नेबारे उनीहरूलाई जानकारी गराइसकेका थिए।

अवस्था झनै जटिल बनेपछि लन्डनका डाक्टरहरूले उनीहरूलाई अमेरिकाको ह्युस्टनस्थित 'टेक्सस चिल्ड्रेन्स हस्पिटल' मा रिफर गरे। त्यहाँ डाक्टर माइकल बेलफोर्टको नेतृत्वमा रहेको भ्रूण तथा बाल शल्यचिकित्सकहरूको टोलीले जन्मअघि नै यो समस्या समाधान गर्ने पहिलो परीक्षण गरिरहेको थियो। डा. बेलफोर्टले यसअघि 'स्पाइना बिफिडा' भएका शिशुहरूको पनि पाठेघरभित्रै सफल शल्यक्रिया गरिसकेका थिए। 'मेसीलाई तुरुन्तै टेक्सस जान र बाँकी गर्भावस्थाभरि त्यहीं बस्न सल्लाह दिइयो। त्यो हाम्रा लागि ठूलो निर्णय थियो,' मेसी भन्छिन्।

शल्यक्रियालाई सहज बनाउन मेसी पहिले बेल्जियमको लुभेन हस्पिटल पुगिन्, जहाँ डाक्टरहरूले पाठेघरमार्फत थियोको पेटको भित्तामा 'बोटोक्स' इन्जेक्सन दिए ताकि त्यहाँका मांसपेशीहरू खुकुलो होऊन्। त्यसपछि गत वर्षको नोभेम्बरमा, गर्भावस्थाको २६औं हप्तामा टेक्ससमा उनको मुख्य शल्यक्रिया गरियो।

शल्यक्रियाका क्रममा मेसीको पाठेघरलाई आंशिक रूपमा खोलेर 'एम्नियोटिक लेदो' निकालियो र काम गर्ने ठाउँ बनाउन कार्बन डाइअक्साइड ग्यास भरियो। त्यसपछि 'किहोल' प्रविधिबाट थियोका अंगहरूलाई पेटभित्रै धकेलेर सिलाइयो।

'शल्यक्रिया चलिरहँदाको समय मेरा लागि एक हप्ताजस्तै लामो र कष्टकर लाग्यो,' बुबा जोश भन्छन्, 'भित्र के भइरहेको होला भन्ने चिन्ताले मलाई तड्पाइरहेको थियो।'

पुनर्जन्म र खुसीको पल

शल्यक्रियापछि मेसीको पेटमा 'सी-सेक्सन' (प्रसूति शल्यक्रिया) भन्दा दोब्बर ठूलो दाग बस्यो। अरू महिला शल्यक्रियापछि आराम गर्छन्, तर मेसीको पेटभित्र त अझै १४ हप्तासम्म बच्चा हुर्कनु थियो। 'गर्भमा थियोले लात हान्दा मेरो टाँका लागेको ठाउँमा ठोक्किएर असाध्यै दुख्थ्यो,' मेसीले सम्झिइन्, 'सुरुका दिन निकै गाह्रा थिए, तर आज नतिजा हेर्दा त्यो सबै पीडा बिर्सिएकी छु।'

शल्यक्रिया पूर्ण रूपमा सफल भयो। गत फेब्रुअरीमा टेक्ससमा मेसीले बिना शल्यक्रिया थियोलाई जन्म दिइन्।

प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. माइकल बेलफोर्टले नतिजाबाट आफूहरू स्तब्ध र असाध्यै खुसी भएको बताए। 'आमा, शिशु र शल्यक्रिया-सबै दृष्टिले यो प्रक्रिया पूर्ण सफल रह्यो। शल्यक्रियाका क्रममा वा त्यसपछि कुनै पनि जटिलता आएन, यो साँच्चै अभूतपूर्व हो,' उनले भने।

भविष्यको नयाँ बाटो

अहिलेको क्लिनिकल ट्रायल पूर्ण रूपमा सफल सिद्ध भएमा अस्पतालका बाल शल्यचिकित्सक प्राध्यापक पाओलो दे कोप्पीले यो प्रविधि बेलायतमा पनि सुरु गर्नेछन्। 'हामी धेरै छिट्टै ठूलो संख्याका बिरामीलाई यो सेवा दिन सक्नेछौं भन्नेमा आशावादी छौं,' उनले भने।

डा. बेलफोर्टका अनुसार अब पाठेघरभित्रको भाग चिकित्सा विज्ञानका लागि नयाँ सम्भावनाको क्षेत्र बनेको छ। उनी भन्छन्, 'अहिले हामीले स्पाइना बिफिडा र ग्यास्ट्रोस्चिसिसको उपचार गर्‍यौं, तर मलाई विश्वास छ भविष्यमा हामी गर्भाशयभित्रै शिशुको मुटु र फोक्सोको शल्यक्रिया पनि गर्न सक्षम हुनेछौं।'

घर फर्किएपछिको सामान्य जीवन

हाल लन्डनस्थित आफ्नो घर फर्किसकेका मेसी, जोश र थियो सामान्य जीवन बिताइरहेका छन्। थियो अहिले पूर्ण रूपमा स्वस्थ र सामान्य शिशुसरह हुर्किरहेका छन्। 'चिकित्सकहरूले जे गरे, त्यसले मेरो छोराको जीवनको सम्भावित भयावह सुरुवातलाई पूर्ण रूपमा बदलिदियो,' मेसीले खुसी व्यक्त गरिन्, 'उनी अहिले बिल्कुलै सामान्य र सुखी बच्चा हुन्।'

बुबा जोशले पनि डाक्टरहरूप्रति आभार व्यक्त गर्दै भने, 'ग्रेट ओरमन्ड स्ट्रिटदेखि डा. बेलफोर्ट र उनको टोलीले हाम्रो जीवनकै सबैभन्दा कहालीलाग्दो समयलाई निकै सहज बनाइदिए। आज हाम्रो सानो छोरालाई काखमा खेलाउन पाउँदा हामी शब्दमा व्यक्त गर्न नसकिने गरी खुसी छौं।'

१५ दिनको...

नेपाल महिला एकता समाजकी अध्यक्ष वीणा बुद्धाचार्यले सरकारले १०० दिन बितिसक्दा पनि सुकुम्बासी व्यवस्थापनको कुनै स्पष्ट खाका सार्वजनिक नगरेकाले प्रदर्शन गर्न बाध्य भएको बताइन्। उनका अनुसार सरकारले व्यवस्थापनका नाममा डिजिटल फाराम भराएको र ५६ जना भूमिहीन दलित तथा सुकुम्बासीको नाम सार्वजनिक गरेको छ।

तर सम्बन्धित जिल्लामा पठाइएपछि स्थानीय निकायलाई त्यसबारे जानकारीसमेत नभएको र 'काठमाडौंमा बसेर कसरी जग्गा पाइन्छ ?' भन्दै फर्काइने गरिएको उनले बताइन्।

'१०० दिन सरकारको आशामा बसेर जिल्लामा पुग्दा पनि कुनै व्यवस्था नहुँदा बाँच्ने अधिकारमाथि नै प्रश्न उठेको छ,' उनले भनिन्। केन्द्र र स्थानीय सरकारबीच समन्वय गरेर बसोबासको स्थान सुनिश्चित गर्नुपर्नेमा भूमिहीनलाई आफैं जग्गा खोज्न लगाइनु अन्यायपूर्ण भएको उनको भनाइ छ। होल्डिङ सेन्टरमा रहेका महिलाको अवस्था बाहिरबाट सामान्य देखिए पनि भित्रभित्रै अत्यन्त पीडादायी रहेको उनले बताइन्। उनले बालबालिकाको शिक्षा, खानपान, स्वास्थ्य र रोजगारीको चिन्ताले परिवारहरू मानसिक तनावमा रहेको बताए।

उनले भने, 'भक्तपुरबाट काठमाडौं काम गर्न आउने महिलाहरू बिहानै घरबाट निस्कनुपर्छ। तर साना बच्चा कहाँ छाड्ने भन्ने समस्या छ। काममा जाने कि बच्चा हेर्ने भन्ने दोधारले उनीहरूको जीविकोपार्जन नै संकटमा परेको छ।' यस्ता समस्याका कारण शारीरिक तथा मानसिक रूपमा सुकुम्बासी कमजोर बन्दै गएको र हालसम्म ९ जनाको मृत्यु भइसकेको दाबी उनले गरिन्।

प्रदर्शनकारीहरूले होल्डिङ सेन्टरमा रहेका सुकुम्बासीको न्यूनतम आधारभूत आवश्यकता तत्काल पूरा गर्न, लिखित प्रतिबद्धतासहित निश्चित समयसीमा तोकेर टोकन प्राप्त २ हजार ६ सय ८ परिवारको व्यवस्थापन गर्न, बालबालिकाको शिक्षा र रोजगारी सुनिश्चित गर्न तथा भविष्यमा फेरि उठिबास नहुने स्थायी स्थानमा बसोबासको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्। संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका सल्लाहकार दलमर्दन कामीले सरकारले १५ दिनभित्र व्यवस्थापन गर्ने भन्दै होल्डिङ सेन्टरमा राखे पनि १०० दिन बितिसक्दा कुनै प्रगति नभएकाले विरोधमा उत्रिनु परेको बताए। उनका अनुसार उठिबासपछि केही सुकुम्बासी आफन्तकहाँ बसेका छन् भने धेरै अझै होल्डिङ सेन्टरमै छन्। तर त्यहाँको बसाइ अमानवीय रहेको उनको आरोप छ।

'हामीले किरा परेको खाना खानु परेको छ। एउटा कोठामा तीन-तीन परिवार बस्न बाध्य छन्। बाख्रा, भेडा र च्याङ्ग्रालाई पनि छुट्टाछुट्टै राखिन्छ, तर तीन परिवारलाई एउटै कोठामा राखेर गोपनीयता र स्वतन्त्रताको अधिकार खोसिएको छ,' उनले भने। सरकारले आफ्नै नागरिकलाई किरा परेको खाना खान बाध्य बनाएको र लामो समयदेखि बसोबास गर्दै आएका सुकुम्बासीलाई गृहजिल्ला फर्काउने निर्णयसमेत अर्को अमानवीय व्यवहार भएको उनको आरोप छ।

आन्दोलनकारीहरूले संविधानले प्रत्याभूत गरेको भू-स्वामित्वसहितको आवास अधिकार सुनिश्चित गर्न माग गरेका छन्। माग पूरा नभएसम्म आन्दोलन जारी रहने र चाडपर्वपछि देशभरका सुकुम्बासीलाई काठमाडौं उतारेर थप सशक्त आन्दोलन गर्ने तयारी रहेको सल्लाहकार कामीले जानकारी दिए।

शरणार्थी...


साराको दुवै मिर्गौलाले काम गर्न छाडेपछि लामो समयदेखि डायलाइसिस गराइरहेकी छन्। सुरुमा नर्भिक अस्पताल र त्यसपछि अश्विनी मेडिकल कलेजमा उपचार गराइरहेकी उनलाई अस्पताललले नै मिर्गौला प्रत्यारोपण गर्नुपर्ने सिफारिस गरेको थियो।

निवेदक दम्पतीले शरणार्थी हैसियत तथा श्रीमान्-श्रीमतीबीचको नाता सम्बन्ध पुष्टि हुने कागजातसहित प्रत्यारोपणका लागि निवेदन दिएका थिए। तर अस्पतालको मिर्गौला प्रत्यारोपण स्वीकृति समितिले भुटानी शरणार्थीको प्रमाणित परिचयपत्र पेस नभएको र मानव शरीरको अंग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ मा शरणार्थीका सम्बन्धमा स्पष्ट व्यवस्था नभएको भन्दै अनुमति दिन अस्वीकार गरेको थियो।

अस्पतालले अदालतमा पेस गरेको लिखित जवाफमा खर्कबहादुर र सारा गजमेर श्रीमान् श्रीमती भएको स्वीकार गर्दै भुटानी शरणार्थीको हकमा स्पष्ट कानुनी व्यवस्था नभएकाले प्रक्रिया अघि बढाउन नसकिएको उल्लेख गरेको थियो। अदालतबाट आदेश आए प्रत्यारोपण गर्न तयार रहेको पनि अस्पतालले जनाएको थियो।

इजलासले मानव शरीरको अंग प्रत्यारोपण ऐनको दफा २(ठ) मा पति-पत्नीलाई नजिकको नातेदारका रूपमा स्पष्ट रूपमा समेटिएको उल्लेख गर्दै जिल्ला प्रशासन कार्यालय झापा र भुटानी शरणार्थी बस्ती व्यवस्थापन समितिका कागजातबाट दम्पतीको वैवाहिक सम्बन्ध पुष्टि भएको ठहर गरेको छ। अदालतले नेपालको संविधानको धारा १६ ले प्रत्याभूत गरेको सम्मानपूर्वक बाँच्न पाउने हक र धारा ३५ ले सुनिश्चित गरेको स्वास्थ्यसम्बन्धी हक नेपाली नागरिकमा मात्र सीमित नरहेको व्याख्या गरेको छ। निवेदकहरू नेपाली नागरिक नभए पनि स्वास्थ्य उपचारबाट वञ्चित गर्दा उनीहरूको जीवनको हक नै संकटमा पर्ने अदालतको ठहर छ। आदेशमा स्वास्थ्य सेवा जस्तो जीवनमरणसँग जोडिएको विषयमा कानुनको संकीर्ण वा शाब्दिक व्याख्या गरेर उपचारबाट वञ्चित गर्न नमिल्ने उल्लेख गरिएको छ। अस्पताल आफैंले प्रत्यारोपण आवश्यक रहेको सिफारिस गरिसकेको अवस्थामा कानुनी अस्पष्टताको आधारमा सेवा दिन अस्वीकार गर्नु उचित नहुने सर्वोच्चको निष्कर्ष छ।

सुनचाँदीको भाउ



छापावाल सुन : २,८४,०००
चाँदी : ४,३५०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.३२	१५२.९२
युरो	१	१७५.५९	१७६.२९
पाउन्ड स्टर्लिङ	१	२०५.३५	२०६.१६
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

अब डिजिटल नोट !

कागजी नोटको विकल्पका मुद्रा ल्याउने कानुनी बाटो खुल्दै

भवनाथ प्याकुरेल | *काठमाडौं*

विश्वभर डिजिटल भुक्तानी प्रणालीको प्रयोग तीव्र बढिरहेको छ। नेपालले पनि कागजी नोटबाट डिजिटल मुद्रा (नोट) को कानुनी बाटो खोल्ने तयारी गरेको छ। नेपाल राष्ट्र बैंकले केन्द्रीय बैंकद्वारा जारी गरिने डिजिटल मुद्रा (सेन्ट्रल बैंक डिजिटल करेन्सी (सीडीबीसी) जारी गर्ने कानुनी बाटो खुलाउने तयारी गरेसँगै देशको मौद्रिक प्रणालीमा नयाँ अध्याय सुरु हुने निश्चित भएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को परिच्छेद-६ अन्तर्गतको दफा ५१ मा रहेको 'नेपालको मौद्रिक एकाई रुपैयाँ हुनेछ र यस्तो रुपैयाँ एक सय पैसामा विभाजित हुनेछ' भन्ने व्यवस्था संशोधन गर्ने प्रस्ताव गरिएको छ। प्रस्तावित विधेयकमा यसको सट्टा 'बैंकले नेपाली रुपैयाँलाई कुनै संकेत निर्धारण गरी प्रयोगमा ल्याउन सक्नेछ' भन्ने व्यवस्था समावेश गरिएको छ।

यस संशोधनसँगै नेपाली मुद्रालाई आधुनिक प्रविधिअनुसार डिजिटल स्वरूपमा विकास गर्ने कानुनी आधार तयार हुने अपेक्षा गरिएको छ। आगामी कानुन लागू भएपछि नेपाल राष्ट्र बैंकलाई कागजी मुद्रासँगै डिजिटल नेपाली रुपैयाँ (डिजिटल करेन्सी) जारी गर्ने बाटो खुल्नेछ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलका अनुसार नयाँ कानुनमार्फत कागजी नोटलाई क्रमशः डिजिटल मुद्रामा रूपान्तरण गर्ने तयारी भइरहेको छ। 'डिजिटल करेन्सीले कानुनी मान्यता पाएपछि भुक्तानी प्रणाली अझ छिटो, सहज र सुरक्षित हुनेछ। साथै, नोटको व्यवस्थापन र समग्र वित्तीय कारोबार प्रणालीमा समेत व्यापक परिवर्तन आउनेछ,' उनले भने। तर, नेपालको डिजिटल रुपैयाँ विश्वको कुन कुन देशमा मान्यता दिन्छ भन्ने विषयमा छलफल र गृहकार्य भइरहेको राष्ट्र बैंकले जनाएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाको अर्थ समितिमा छलफल भइरहेको छ। 'समितिले प्रतिवेदन पेस गरेपछि सभामा छलफल हुन्छ,' संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले भने।

लामो समयदेखि राष्ट्र बैंकले डिजिटल रुपैयाँको सम्भाव्यता अध्ययन गर्दै यसले अर्थतन्त्र, भुक्तानी प्रणाली र वित्तीय पहुँचमा पार्न सक्ने प्रभावबारे विभिन्न चरणमा अध्ययन तथा परामर्श गरी कानुनी रुपमा नै व्यवस्था गर्न लागेको हो।

विज्ञहरूका अनुसार पेपर नोटको तुलनामा डिजिटल मुद्राले भुक्तानी प्रणालीलाई छिटो, सुरक्षित र कम खर्चिलो बनाउन सक्छ। हाल सरकारले हरेक वर्ष नोट छपाइ, ढुवानी, सुरक्षा र पुराना नोट व्यवस्थापनमा ठूलो रकम खर्च गर्दै आएको छ। डिजिटल मुद्रा कार्यान्वयन भएमा यस्ता खर्च उल्लेख्य रूपमा घट्ने अपेक्षा गरिएको छ।

सीबीडीसी लागू भएपछि मोबाइल वा डिजिटल वालेटमार्फत तत्काल भुक्तानी गर्न सकिने भएकाले नगद बोक्ने आवश्यकता कम हुनेछ। यसले ग्रामीण तथा दुर्गम क्षेत्रमा पनि डिजिटल वित्तीय सेवा विस्तार गर्न सहयोग पुग्ने विश्वास गरिएको छ। साथै सरकारी अनुदान, सामाजिक सुरक्षा भत्ता तथा अन्य भुक्तानीहरू सिधै लाभग्राहीको डिजिटल वालेटमा पठाउन सकिने भएकाले वितरण प्रणाली थप पारदर्शी र प्रभावकारी बन्ने अपेक्षा छ।

अर्कोतर्फ, डिजिटल मुद्राबाट हुने प्रत्येक कारोबारको अभिलेख रहने भएकाले कर छली, अवैध आर्थिक कारोबार तथा सम्पत्ति शुद्धीकरण नियन्त्रणमा समेत सहयोग पुग्ने विश्लेषण गरिएको छ। नक्कली नोटको समस्या अन्त्य हुनुका साथै केन्द्रीय बैंकबाट जारी हुने भएकाले डिजिटल मुद्राप्रति नागरिकको विश्वास पनि उच्च रहने अपेक्षा गरिएको छ।

राष्ट्र बैंकले भने डिजिटल मुद्रा कार्यान्वयनअघि कानुनी, प्राविधिक तथा नीतिगत तयारी पूरा गर्ने रणनीति अपनाएको जनाएको छ। विश्वका धेरै देशले सीबीडीसीको परीक्षण गरिरहेका बेला नेपालले पनि आफ्नै आवश्यकता र आर्थिक संरचनाअनुसार डिजिटल रुपैयाँको सम्भाव्यता अध्ययनलाई निरन्तरता दिने भएको हो। सफल कार्यान्वयन हुन सकेमा डिजिटल मुद्रा नेपालको भुक्तानी प्रणालीलाई थप आधुनिक, सुरक्षित र समावेशी बनाउने अपेक्षा गरिएको छ।

डिजिटल बैंक र हालको इन्टरनेट एवं मोबाइल बैंकिङमा फरक

अहिले प्रयोग भइरहेको मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ वास्तवमा बैंकमा रहेको निक्षेप (डिपोजिट) स्थानान्तरण गर्ने माध्यम हुन्। ग्राहकको पैसा वाणिज्य बैंकको खातामा रहन्छ र मोबाइल एप वा इन्टरनेटमार्फत एक खाताबाट अर्को खातामा पठाइन्छ। यी सेवाले बैंकलाई मध्यस्थकर्ताका रूपमा प्रयोग गर्छन्। तर सेन्ट्रल बैंक डिजिटल करेन्सी (सीबीडीसी) भने राष्ट्र बैंकले नै जारी गर्ने डिजिटल नेपाली रुपैयाँ हो। यसको मूल्य कागजी नोटसरह हुन्छ र यो केन्द्रीय बैंकको प्रत्यक्ष दायित्व मानिन्छ। यसलाई डिजिटल स्वरूपको नगद भन्न सकिन्छ। डिजिटल रुपैयाँ प्रयोग गर्दा कारोबारका लागि अनिवार्य रूपमा वाणिज्य बैंकको निक्षेप आवश्यक नपर्न सक्छ। भविष्यमा डिजिटल वालेटमार्फत व्यक्तिबाट व्यक्तिमा सिधै रकम स्थानान्तरण गर्न सकिने व्यवस्था विकास हुन सक्छ।

अधिवक्ता रेशमराज रेग्मीले पनि अहिले कागजी वा डलर रुपैयाँ बुझाएपछि मात्र मोबाइल बैंक वा इन्टरनेट बैंकिङबाट रुपैयाँ टान्सफर गर्न सकिन्छ भने डिजिटल बैंकिङमा जम्मा गर्नु नपर्ने बताउँछन्। 'अर्को महत्त्वपूर्ण फरक भनेको विश्वसनीयता र कानुनी हैसियत हो,' उनी भन्छन्, 'मोबाइल वा इन्टरनेट बैंकिङ बैंकको सेवामा आधारित हुन्छ भने डिजिटल रुपैयाँ स्वयं कानुनी मुद्रा हो, जसलाई कागजी नोटसरह भुक्तानीका लागि स्वीकार गर्नुपर्ने हुन्छ।'

नोट छपाइ, ढुवानी र व्यवस्थापनको खर्च घट्नुका साथै सरकारी भुक्तानी, सामाजिक सुरक्षा भत्ता तथा अन्य आर्थिक सहायता सिधै डिजिटल वालेटमा पठाउन सकिने भएकाले भुक्तानी प्रणाली अझ छिटो, सुरक्षित, पारदर्शी र प्रभावकारी बन्ने विज्ञहरूको भनाइ छ। मोबाइल बैंकिङ र इन्टरनेट बैंकिङ डिजिटल भुक्तानीका माध्यम हुन् भने सीबीडीसी भने डिजिटल स्वरूपको वास्तविक नेपाली रुपैयाँ हो।





८ वटा दफामा जुटयो सहमति

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिले नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकको आठ वटा दफामा सहमति जुटाएको छ।

सोमबार सिंहदरबारमा बसेको बैठकले उक्त विधेयकमाथि दफावार छलफल गर्दै दफा १ देखि ८ सम्म सहमति जुटाएको हो। विधेयकका केही दफाहरूलाई प्रस्ताव गरिएकै रूपमा यथावत् पारित गरिएको छ भने दफा ४ मा बैंकको उद्देश्यमा मूल्य स्थिरता कायम गर्ने, बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्रको स्थायित्व कायम गर्ने र नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने राखिएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय संघसंस्थासँग ऋण वा अनुदान प्राप्त गर्न अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने प्रस्तावमा नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिमा अन्तर्राष्ट्रिय संघसंस्थासँग ऋण वा अनुदान प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।

बैठकमा अर्थसचिव घनश्याम उपाध्यायले 'वित्तीय संस्था' भन्ने शब्दले सबै विषयलाई समेट्ने भएकाले थप स्पष्टता आवश्यता परे 'वित्तीय संस्थासम्बन्धी कानुन' को संशोधन गर्दा समावेश गर्न सकिने बताए। उनले वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम स्थापित वित्तीय संस्था भन्ने शब्दले नै प्रदेश बैंकलाई समेत समेट्ने भएकाले प्रदेश बैंक भनेर तोकिरहनु नपर्ने उल्लेख गरे। मुलुकको मौद्रिक तथा वित्तीय प्रणालीलाई थप सुदृढ, विश्वसनीय र समयसापेक्ष बनाउन वाञ्छनीय भएकाले राष्ट्र बैंक ऐनलाई संशोधन गर्न उक्त विधेयक तर्जुमा गरिएको अर्थ मन्त्रालयले जनाएको छ। विधेयकमाथि मंगलबार पनि दफावार छलफल हुने समितिले जनाएको छ।

एमएसएमईमा नीतिगत सुधारले बिमा विस्तार



काठमाडौं (अन्नपूर्ण): संयुक्त राष्ट्रसघीय विकास कार्यक्रम (यूएनडीपी) नेपाल र नेपाल बिमा प्राधिकरणले सोमबार 'रिस्क म्यानेजमेन्ट इन नेपाल्स एमएसएमईज: द इन्स्योरेन्स प्रोटेक्सन ग्याप' अध्ययन प्रतिवेदन सार्वजनिक गरेका छन्।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)को सहकार्यमा सार्वजनिक प्रतिवेदनमा बिमा पहुँचका संरचनागत अवरोध पहिचान गर्दै पहुँच, वहनयोग्यता र उपलब्धता सुधारका लागि विभिन्न नीतिगत सिफारिस प्रस्तुत गरिएको छ।

उक्त अध्ययनले नेपालका सूक्ष्म, साना तथा मझौला उद्यम (एमएसएमई) मा बिमाको पहुँच विस्तार गर्न नीतिगत तथा नियामकीय सुधारको आवश्यकता औंल्याएको छ। त्यस अवसरमा पूर्वअर्थमन्त्री रामेश्वर खनाललले नेपालको आर्थिक वृद्धिमा एमएसएमईको महत्त्वपूर्ण योगदान रहेकाले यस क्षेत्रको जोखिम व्यवस्थापनमा निक्षेप तथा कर्जा सुरक्षण कोष र नेपाल बिमा प्राधिकरणको भूमिका थप प्रभावकारी बनाउनुपर्ने बताए।

यूएनडीपी नेपालका आवासीय प्रतिनिधि क्योको योकोसुकाले एमएसएमई नेपालको अर्थतन्त्रको मेरुदण्ड भए पनि विभिन्न जोखिमबाट सबैभन्दा बढी प्रभावित हुने भएकाले बिमा संरक्षणको दायरा विस्तार गर्नु व्यवसाय, रोजगारी र समग्र अर्थतन्त्रको उत्थानशीलताका लागि आवश्यक रहेको बताइन्।

नेपाल बिमा प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशीलदेव सुवेदीले अध्ययनका सिफारिसले एमएसएमईका लागि बिमालाई दिगो विकास र उत्थानशीलताको रणनीतिक लगानीका रूपमा स्थापित गर्न सहयोग पुग्ने बताए।

'नबिल बैंक एजुकेसन हब' पुतलीसडकमा





काठमाडौं (अन्नपूर्ण) : नबिल बैंकले पुतलीसडकमा 'नबिल बैंक एजुकेसन हब' सञ्चालनमा ल्याएको छ। हबको सोमबार नेपालका लागि अस्ट्रेलियाका राजदूत साइमन अर्न्स्ट, नबिल बैंकका अध्यक्ष निर्वाणकुमार चौधरी र बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले संयुक्त रूपमा उद्घाटन गरे।

उच्च शिक्षाका लागि विदेश अध्ययन गर्न जान चाहने विद्यार्थी, उनीहरूका अभिभावक, शैक्षिक परामर्शदाता संस्था तथा शिक्षा क्षेत्रसँग सम्बन्धित अन्य सरोकारवालालाई लक्षित गरी एजुकेसन हब सञ्चालनमा ल्याइएको बैंकको भनाइ छ। उक्त हबबाट बैंकिङ, वित्तीय तथा परामर्श सेवा उपलब्ध हुने जनाइएको छ।

अध्यक्ष चौधरीले विद्यार्थीलाई आवश्यक वित्तीय पहुँच, मार्गदर्शन तथा बैंकिङ सहयोग उपलब्ध गराउने उद्देश्यले हब स्थापना गरिएको बताए। नेपालका लागि अस्ट्रेलियाका राजदूत अर्न्स्टले, एजुकेसन हबको सुरुवातले अस्ट्रेलिया र नेपालबीचको सम्बन्धको मूल मर्ममित्र रहेको शिक्षाको माध्यमबाट जनशक्तिमा लगानी गर्ने कार्यलाई प्रतिविम्बित गरेको बताए।

त्यसैगरी, नबिलका सञ्चालक अनन्त पौड्यालले विद्यार्थी तथा अभिभावकको बदलिँदो आवश्यकता सम्बोधन गर्न एजुकेसन हब स्थापना गरिएको बताए।

परम्परागत बैंकिङ सेवाभन्दा फरक, एजुकेसन हबले शिक्षा क्षेत्रका लागि नबिल बैंकलाई एक विश्वसनीय वित्तीय तथा ज्ञान साझेदारका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ।

बैंकका सीईओ मनोजकुमार ज्ञवालीले नेपालको बैंकिङ क्षेत्रमा यस प्रकारको सेवा पहिलो पटक उपलब्ध हुन लागेको बताए।

सिटिजन लाइफको 'सिटिजन लिडर्स नाइट'



काठमाडौं (अन्नपूर्ण) : सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीद्वारा आयोजना गरिएको 'सिटिजन लिडर्स नाइट २०२६' कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ।

कार्यक्रममा देशभरबाट उत्कृष्ट कार्यसम्पादन गर्दै विभिन्न विधामा छनोट भएका सिटिजन लिडर, कर्मचारी तथा विशिष्ट अतिथिहरूको सहभागिता रहेको थियो। कार्यक्रमभर उत्साह, सम्मान, आत्मगौरव र सफलताको भावनाले भरिएको वातावरण रहेको थियो।

कार्यक्रममा कम्पनीका अध्यक्ष प्रदीपजंग पाण्डे, सञ्चालक समितिका सदस्यहरू र व्यवस्थापन टोलीले नयाँ आई-सोलुसन प्रणाली सफ्टवेयर 'भर्सन नेक्स्ट' को शुभारम्भ गरेका थिए। कार्यक्रमा हास्य कलाकार सुन्दर खनाल, कम्पनीका ब्रान्ड एम्बेसडर हरिवंश आचार्य र मदनकृष्ण श्रेष्ठको पनि उपस्थिति रहेको थियो। उक्त अवसरमा विभिन्न विधामा उत्कृष्ट उपलब्धि हासिल गर्ने ७ सय ८० सिटिजन लिडर, एजेन्सी म्यानेजर, अभिकर्ता तथा शाखालाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो। यस अवसरमा बुटवल शाखा बिमा शुल्क संकलनमा, भेषराज भट्टराई उत्कृष्ट स्टार एजेन्सी म्यानेजर, नितेश श्रेष्ठ सिटिजन लिडर, गीता पौडेल सर्वाधिक बिमालेख जारी गर्ने अभिकर्ता र दिलबहादुर धामी सर्वाधिक अभिकर्ता भर्तीतर्फ प्रथम भएका थिए।

इस्लिङ्टन कलेजका विद्यार्थी

पढाइसँगै विदेशी कम्पनीसँग काम गर्दै

काठमाडौं (अन्नपूर्ण) : इस्लिङ्टन कलेजका विद्यार्थी पढाइसँगसँगै अमेरिका, अस्ट्रेलिया र बेलायतका कम्पनीका परियोजनामा काम गरिरहेका छन्। कलेजका अनुसार उद्योगसँगको सहकार्य, अन्तर्राष्ट्रियस्तरको तालिम तथा व्यावहारिक सिकाइमार्फत विश्वव्यापी कार्य वातावरणमा विद्यार्थीलाई काम गर्ने अवसर प्रदान गरिएको छ। सोही कार्यक्रमअन्तर्गत हाल २९ विद्यार्थी नेपालमै बसेर अन्तर्राष्ट्रिय कम्पनीका परियोजनामा संलग्न रहेको कलेजले जनाएको छ।

कलेजले विद्यार्थीलाई वास्तविक परियोजना, उद्योगमैत्री प्रयोगशाला, व्यावहारिक अभ्यास तथा कार्यअनुभवमार्फत रोजगारी बजारका लागि तयार पार्दै आएको जनाएको छ। कलेजका अध्यक्ष सुलभ बुढाथोकीले विद्यार्थीले अध्ययन र करिअरलाई सँगसँगै अघि बढाइरहेको बताए। उनले भने, 'हाम्रा विद्यार्थीले डिग्री पूरा गर्ने कि करिअर सुरु गर्ने भन्ने दुविधामा बस्नु परेको छैन। उनीहरू अध्ययनसँगै अन्तर्राष्ट्रिय कम्पनीका परियोजनामा काम गरिरहेका छन्।'

कलेजका अनुसार विद्यार्थीलाई तालिम प्रदान गरी साझेदार संस्था ग्लोबल टिम्स एआईमार्फत अमेरिका, अस्ट्रेलिया र बेलायतका विभिन्न परियोजनामा आबद्ध गरिएको हो।

कलेजका विद्यार्थीहरूको क्षमता साझेदार संस्था पेक्सस टेकले पनि सकारात्मक रूपमा मूल्यांकन गरेको कलेजले जनाएको छ। पेक्सस टेकका प्रमुख कार्यकारी अधिकृत प्रशान्त केसीले इस्लिङ्टन कलेजका विद्यार्थी प्राविधिक रूपमा सक्षम रहेको र एआई-आधारित कार्य वातावरणमा सुरुदेखि नै काम गर्न सक्ने क्षमता रहेको बताए।

'अंकित मूल्यमै स्थानीयलाई सेयर'

काठमाडौं (अन्नपूर्ण) : स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) नेपालले स्थानीयवासीलाई जलविद्युत्को सेयर अंकित मूल्य (प्रतिकित्ता १०० रुपैयाँ) मै उपलब्ध गराउनुपर्ने जनाएको छ।

इप्पानले विज्ञप्ति जारी गरेर हाल केही जलविद्युत् आयोजनाहरूको साधारण सेयर (आईपीओ) निष्कासन प्रक्रिया नियामकीय कारणले लामो समयदेखि प्रभावित भएपछि कतिपय प्रवर्द्धक कम्पनीहरूले स्थानीय प्रभावित बासिन्दाका लागि प्रिमियम मूल्यमा सेयर निष्कासन गर्ने विकल्पबारे छलफल गरिरहेको विषयप्रति इप्पानको गम्भीर ध्यानाकर्षण भएको जनाएको हो। इप्पानले जलविद्युत् आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीयवासीलाई उपलब्ध गराइने सेयर अंकित मूल्य अर्थात् प्रतिकित्ता एक सयमै उपलब्ध गराइनुपर्ने जनाएको छ।

निक्षेपकर्ता महानुभावहरुका लागि जारी गरिएको सूचना

यस बैंकमा खाता खोली दश वर्ष वा सोभन्दा बढी समयदेखि चल्ती नभएका वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम हकदावी नपरेका निक्षेप खाताहरूमा रहेको रकम लिन आउने बारेको यो सूचना सम्पूर्ण खातावालाहरूको जानकारीका लागि नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन–२०८२ को निर्देशन नं. १६ को बुंदा नं. ३ (४) बमोजिम प्रकाशित गरिएको छ । यस्ता खाताहरूमा रहेको रकम बीस वर्षसम्म बुझ्न नआएमा वा कसैको हकदावी पर्न नआएमा उक्त निक्षेप रकम नेपाल राष्ट्र बैंकको बैंकिङ विकास कोषमा जम्मा गर्न पठाईने जानकारी समेत सम्बन्धित सबैलाई गराईन्छ ।

साथै, विगत दश वर्ष वा सोभन्दा बढी समयदेखि चल्ती नभएका तथा दाबी नपरेका निक्षेप खाताहरूको विवरण यस बैंकको Website: www.nmb.com.np मा Notice मेनुमा गई हेर्न सकिने व्यहोरा समेत सहर्ष जानकारी गराउँदछौं ।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO
Member of: Global Alliance for Banking on Values

सूची दर्ता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/१९)

यस संस्थालाई आ.व २०८३/८४ को लागि आवश्यक पर्ने खाद्यान्न उपलब्ध गराउन इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले एक महिना भित्र यस संस्थाको ईमेलमा उपलब्ध गराउन सकिने सामाग्रीहरुको सुचीको साथै व्यवसाय दर्ता प्रमाणपत्र, नविकरण, कर दर्ता र कर चुक्ता प्रमाणपत्र (२०८१/०८२) सहित निवेदन दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ। साथै सो निवेदन लगायतका कागजातहरु संस्थाको रिसेप्सनमा पनि दर्ता गराउन सक्नुहुनेछ। स्थानिय खाध्यान्न पसललाई प्राथमिकता दिईने छ।

working with women
ABC NEPAL since 1987

ए बी सी नेपाल केन्द्रीय कार्यालय, काठमाण्डौं
फोनं. ०१५१४९८४६, ०१५१४९७७२
ईमेलः abcnepal.ktm@gmail.com
abc.thome@gmail.com

सार्वजनिक सूचना !!

विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली २०८३ परिच्छेद ८ (२०) को उपदफा २ अनुसार यस इन्टरनेशनल स्कुल अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी काठमाडौं प्रा.लि. (The London College) ले QAA/ Accreditation प्राप्त University of West of Scotland को सम्बन्धनमा BSc (Hons) Computer Networking कार्यक्रम सञ्चालन गरी रहेकोमा उक्त कार्यक्रम परिवर्तन गरी निर्देशिकामा भएको व्यवस्था बमोजिम University of West of Scotland कै BEng (Hons) Cyber Security कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गरिने भएकोले यसमा कोही कसैको दावी एवं उजुरी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षण संस्था समन्वय शाखा, सिंहदरबार अथवा इन्टरनेशनल स्कूल अफ म्यानेजमेन्ट एण्ड टेक्नेलोजी काठमाडौं प्रा.लि.वा info@ismt.edu.np मा उजुरी तथा दावी गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।



अमेरिकी क्रिकेटर रेड्डीलाई प्रतिबन्ध

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) ले अमेरिकी क्रिकेटर बोडुगम अखिलेश रेड्डीलाई आठ वर्षको प्रतिबन्ध लगाएको छ। म्याच फिक्सिङ र भ्रष्टाचारविरुद्धको अनुसन्धानमा अवरोध पुऱ्याएको आरोपमा उनमाथि प्रतिबन्ध गराएको जनाइएको छ।

अन्नपूर्ण
annapurnapost.com
८
रंगशाला



इन्फान्टिनोविरुद्ध इङ्लिस एफएको विद्रोह



एजेन्सी | *लन्डन*

विश्व फुटबलको सर्वोच्च निकाय फिफाका अध्यक्ष जियानी इन्फान्टिनोको पद संकटमा परेको छ। इन्फान्टिनोको नेतृत्वप्रति असन्तुष्टि जनाउँदै इङ्लिस फुटबल एसोसिएसन (एफए) ले आगामी फिफा अध्यक्षीय निर्वाचनमा उनको अभियानलाई समर्थन नगर्ने घोषणा गरेको छ। यससँगै इन्फान्टिनोलाई नेतृत्वबाट विस्थापित गर्ने अभियानमा युरोपेली फुटबल जोडतोडले लागेको छ।

इङ्लिस एफएको यो निर्णय वेल्स फुटबल एसोसिएसनले इन्फान्टिनोलाई निर्वाचनमा समर्थन नगर्ने घोषणा गरेपछि आएको हो। बेलायती फुटबलका दुई प्रमुख संघको यस्तो कदमले फिफाको आगामी निर्वाचनलाई थप प्रतिस्पर्धात्मक र राजनीतिक बनाउने देखिएको छ। इन्फान्टिनोले सन् २०२७ देखि २०३१ सम्मको कार्यकालका लागि पुनः अध्यक्ष बन्ने इच्छा यसअघि नै सार्वजनिक गरिसकेका छन्। इन्फान्टिनोसँगको पछिल्लो असन्तुष्टिको मुख्य कारण फिफा विश्वकप तथा अन्य प्रतियोगितासँग जोडिएको व्यावसायिक अधिकारमा निजी लगानी भित्र्याउने प्रस्ताव हो। फिफाले आगामी विश्वकपलगायतका प्रतियोगिताबाट हुने आम्दानी व्यवस्थापन गर्ने नयाँ संरचनामा निजी लगानीकर्तालाई हिस्सेदारी बिक्री गर्ने योजना अघि सारेपछि त्यसको व्यापक विरोध भएको थियो। यो प्रस्तावबाट फिफाले अर्बौं डलर कमाउने अनुमान गरिएको थियो। तर, पारदर्शिता, सुशासन र फुटबलको व्यावसायिक अधिकार निजी क्षेत्रलाई हस्तान्तरण गर्ने विषयमा विभिन्न सदस्य संघ र सरोकारवालाले गम्भीर प्रश्न उठाएपछि इन्फान्टिनो पछि हट्न बाध्य भएका थिए।

यस घटनाले इन्फान्टिनोको नेतृत्व शैलीमाथि पनि प्रश्न उठाएको छ। युरोपेली फुटबलको सर्वोच्च निकाय यूईएफएले समेत फिफाको नेतृत्वप्रति आफ्नो विश्वास कमजोर भएको जनाएको छ। प्रस्तावित व्यावसायिक योजनालाई लिएर यूईएफएले कानुनी कदम चाल्नका लागि अध्ययन गरिरहेको बताइएको छ। युरोपेली फुटबल संघहरूबीच इन्फान्टिनोको नेतृत्वविरुद्ध साझा धारणा बनाउन सकिने सम्भावनाले फिफा अध्यक्षीय निर्वाचनमा नयाँ समीकरण बन्ने अनुमान गरिएको छ। इङ्लिस एफएको कदमलाई त्यसै कारण केवल एउटा राष्ट्रिय संघको असन्तुष्टिका रूपमा मात्र हेरिएको छैन। विश्व फुटबलको शक्तिशाली क्षेत्र मानिने युरोपबाट इन्फान्टिनोविरुद्ध असहमतिको आवाज बढ्दै जाँदा उनको निर्वाचन अभियानका लागि चुनौती पनि थपिएको छ। यद्यपि, फिफाको अध्यक्ष चयनमा युरोपेली मत मात्रै निर्णायक हुँदैन। फिफाका २११ सदस्य संघले मतदान गर्ने भएकाले इन्फान्टिनोलाई चुनौती दिन युरोपबाहिरका महासंघ र सदस्य राष्ट्रको समर्थन पनि आवश्यक हुनेछ।

इन्फान्टिनो सन् २०१६ मा फिफा अध्यक्ष निर्वाचित भएका थिए। त्यसपछि उनी २०१९ र २०२३ मा पुनः निर्वाचित भएका थिए। पछिल्लो समय भने उनको नेतृत्वमाथि आलोचना बढिरहेको छ। विशेषगरी फिफाको निर्णय प्रक्रियामा पारदर्शिता, सदस्य संघसँगको संवाद र विश्व फुटबलका व्यावसायिक अधिकारसम्बन्धी निर्णयलाई लिएर असन्तुष्टि चुलिएको हो। यसबीच, इन्फान्टिनोविरुद्धको असन्तुष्टि अब केवल आलोचनामा सीमित रहने वा औपचारिक चुनौतीमा परिणत हुने भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ। यूईएफए, इङ्लिस एफए र वेल्स एफएजस्ता प्रभावशाली युरोपेली पक्षको असहमति बढ्दै गएमा अन्य सदस्य संघ पनि पुनर्विचार गर्न सक्ने सम्भावना बढेको छ। त्यसो भए इन्फान्टिनोको चौथो कार्यकालको यात्रा सहज नहुने देखिएको छ।

तर, अहिलेको अवस्थामा इङ्लिस एफएको कदमलाई इन्फान्टिनोलाई तत्काल पदबाट हटाउने औपचारिक प्रक्रिया सुरु भएको भन्दा पनि उनको निर्वाचन अभियानविरुद्ध राजनीतिक दबाब बढाउने महत्त्वपूर्ण कदमका रूपमा बुझिएको छ। अध्यक्षलाई पदबाट हटाउन वा निर्वाचनमा पराजित गर्न आवश्यक अन्तर्राष्ट्रिय समर्थन जुटाउनुपर्ने भएकाले अबको केही महिना विश्व फुटबलको शक्ति संघर्षका लागि निर्णायक बन्नेछ।

आगामी फिफा अध्यक्षीय निर्वाचन नजिकिँदै जाँदा इन्फान्टिनोविरुद्ध चुनौती दिने उम्मेदवार को बन्छन् र विभिन्न महादेशका फुटबल संघ कुन पक्षमा उभिन्छन् भन्ने विषयले विश्व फुटबलको भविष्यको नेतृत्व निर्धारण गर्नेछ। इङ्लिस एफएको पछिल्लो कदमले भने एउटा सन्देश स्पष्ट दिएको छ, इन्फान्टिनोको नेतृत्वलाई लिएर फुटबल जगतभित्रको असन्तुष्टि अब सार्वजनिक विरोध र चुनावी रणनीतिमा परिणत हुन थालेको छ।

तारकेश्वर कप फुटबल सुरु

अन्नपूर्ण | *काठमाडौं*



तारकेश्वर नगरपालिकाको आयोजनामा तारकेश्वर कप विद्यालयस्तरीय छात्र फुटबल प्रतियोगिता सोमबारदेखि सुरु भएको छ। प्रतियोगिताको तारकेश्वर नगरपालिकाका मेयर कृष्णहरि महर्जनले एक कार्यक्रमबीच उद्घाटन गरेका थिए।

उद्घाटन कार्यक्रममा बोल्दै नगर प्रमुख महर्जनले तारकेश्वरको खेलकुद इतिहासमा पहिलोपटक आयोजना गरिएको प्रतियोगिताले नगरको खेलकुद विकासमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरेका थिए। उनले भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने लक्ष्यसहित नगरपालिकाले खेलकुद क्षेत्रमा निरन्तर लगानी गरिरहेको बताए। कार्यक्रममा नगर उपप्रमुख सिर्जना बुर्लाकोटीले प्रतियोगिताले सामुदायिक र संस्थागत विद्यालयबीचको सम्बन्धलाई थप आत्मीय बनाउने तथा विद्यार्थीबीच सहयोग, सद्भाव र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताइन्।

उद्घाटन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत धर्मराज लम्साल, वडा अध्यक्ष राधाकृष्ण खड्गी, कविराज बस्नेत, शिक्षा शाखा प्रमुख सुदिनराज बुढाथोकी, नगर खेलकुद समितिका अध्यक्ष विक्रम खड्गी, खेलकुद शाखा संयोजक गौरव बस्नेत, विभिन्न विद्यालयका प्रतिनिधि, शिक्षक, विद्यार्थी, खेलप्रेमीलगायतको उपस्थिति रहेको थियो। पहिलो दिन समूह चरणका १६ खेल सम्पन्न भएको आयोजकले जनाएको छ।

शुक्रबारसम्म चल्ने प्रतियोगितामा ३२ टिमको सहभागिता रहेको खेलकुद समितिका अध्यक्ष विक्रम खड्गीले जानकारी दिए। प्रतियोगिताका खेलहरू लिगकम नकआउटका आधारमा सञ्चालन गरिने उनले बताए। प्रतियोगिताले विद्यालयस्तरमा खेलकुद संस्कृतिको विकास, अनुशासन, प्रतिस्पर्धात्मक तथा नयाँ प्रतिभाको पहिचान र प्रोत्साहनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको अध्यक्ष खड्गीले बताए।

प्रतियोगितामा काभ्रेस्थली, युरेका, मनमैजु, संस्कृति शिक्षा सदन, प्रारम्भ वर्ल्ड स्कुल, ज्ञानभूमि, विद्याश्री पाठशाला, नर्थ प्वाइन्ट एकेडेमी, एन्जल्स हार्ट नेसनल स्कुल, रोजमेरी आइडल बोर्डिङ स्कुल, मानसिंह धर्म, मिलन धर्मस्थली, जितपुर, नागर्जुना, फुटुङ, श्री कालीदेवी, लालीगुराँस नेसनल एकेडेमी, सिर्जना ज्ञान सागर, सिद्धार्थ मोडेल, नेपाल राष्ट्रिय मावि, हिमरश्मि, श्री पुरानो गुह्येश्वरी, कौसल, संस्कार, कुञ्चीप्वाकल, सेक्रेड हार्ट, युनाइटेड स्कोलर्स, न्यु एरा एकेडेमी, मेगा पब्लिक, टाइम्स, ग्राम सेवा र एलिगेन्टले सहभागिता जनाएका छन्।

'गौंथली'को टिकट छैन हलमा, ओभर फ्लो दर्शक विदेशी सिनेमामा

अन्नपूर्ण | *काठमाडौं*

नेपाली चलचित्र 'गौंथली'को १७औं दिनमा पनि व्यापार उस्तै छ। देशभरका शो हाउसफुल छन्। आइतबार दिउँसोका शो बिहानै र अबेर साँझका शो दिउँसो चाँडै हाउसफुल भएका थिए। अग्रिम बुकिङबाटै शो हाउसफुल भएपछि डोर सेलमा दर्शकले टिकट पाएनन्। हलमै गएर टिकट काटेर 'गौंथली' हेर्न पुगेका दर्शक निराश भएर फर्किन बाध्य भए। सबै हलका अधिकांश शो हाउसफुल हुँदा एउटा हलमा टिकट नपाएका दर्शक अर्को हलमा गएर पनि सिनेमा हेर्न नपाएको वितकर करण श्रेष्ठले बताए।

'सबैतिर 'गौंथली' हाउसफुल भएको छ। जति दर्शकले सिनेमा हेर्नु भयो त्यति नै संख्यामा त दर्शक टिकट नपाएर फर्किनु भयो। हाम्रो सिनेमाको ओभरफ्लो दर्शक अरु सिनेमाले पाएका छन्', वितरक श्रेष्ठले भने, 'प्रायः बलिउडका ठूला सिनेमा नेपाल आउँदा ओभरफ्लो दर्शक तान्न नेपाली सिनेमा लगाउँछन् भनिन्छ, तर यसपटक उल्टो भयो। 'गौंथली' हेर्न टिकट नपाएका दर्शक अरु सिनेमा हेर्न गएको पाइयो।'

निर्देशक डा. कपिल रिजाल आइतबार अधिकांश शो टिकट फिलिङ फास्टमा गएको बताउँछन्। दर्शक टिकट नपाएर फर्किएको उनको गुनासो छ। 'हाम्रो चलचित्र प्रायः हलमा डोर सेल टिकट बिक्री हुने सिनेमा हो। तर, अग्रिम बुकिङमै टिकट नपाउँदा दर्शक निराश भएर फर्किएको देखियो', निर्देशक रिजाल भन्छन्, 'हामी हाम्रा दर्शकलाई क्षमा माग्दै पुनः सहज समय र स्थानमा सिनेमा हेर्न अपिल गर्छौं।' अधिकांश हलमा एउटा पनि टिकट बाँकी नरही हाउस भएर सिनेमा चलेको उनको भनाइ छ।

साउन १ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'गौंथली' अहिले पनि उच्च अकुपेन्सीमा चलेको छ। प्रदर्शनको तेस्रो आइतबार (हिजो) सम्म देशभरबाट १३ करोड ६४ लाख ४६ हजार ५ सय ३५ रुपैयाँ ग्रस कलेक्सन गरेको छ। यस चलचित्रका ४ लाख ९४ हजार ९ सय १५ वटा टिकट बिक्री भइसकेका छन्।

यस वर्ष प्रदर्शनमा आएका नेपाली चलचित्रमध्ये सबैभन्दा धेरै कमाउने सिनेमा 'गौंथली' बनेको छ। डा. कपिल रिजालको निर्देशनमा बनेको चलचित्रमा अरुण क्षत्री, सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायतका कलाकारहरूको अभिनय रहेको छ।

भोजिन्हालाई चिलीमा भव्य स्वागत

एजेन्सी | *लन्डन*

केप भर्डेका चर्चित गोलरक्षक भोजिन्हाले फिफा विश्वकप २०२६ मा विशेष चर्चा बटुलेका थिए। ४० वर्षीय अनुभवी गोलरक्षक भोजिन्हाले फिफा विश्वकपमा केप भर्डेको ऐतिहासिक यात्रामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। विश्वकपको पहिलो खेलमै बलियो दाबेदार स्पेनविरुद्ध उत्कृष्ट प्रदर्शन गर्दै उनले आफ्नो टोलीलाई गोलरहित बराबरीमा रोक्न महत्त्वपूर्ण योगदान दिएका थिए। स्पेनले लगातार आक्रमण गरे पनि भोजिन्हाले सात उत्कृष्ट बचाउ गर्दै केप भर्डेको पोस्ट जोगाएका थिए।

स्पेनविरुद्धको त्यो प्रदर्शनपछि भोजिन्हा विश्व फुटबलका नयाँ नायकका रूपमा उदाएका थिए। विश्वकपअघि सीमित फुटबलप्रेमीबीच मात्र परिचित रहेका उनी एकै खेलपछि सामाजिक सञ्जालमा समेत चर्चाको केन्द्र बनेका थिए। उनको इन्स्टाग्राम फलोअर्सको संख्यासमेत केही दिनमै लाखौंले बढेको थियो। उनै भोजिन्हालाई चिलीमा समर्थक र फुटबलप्रेमीले भव्य स्वागत गरेका थिए। चिलीमा भएको स्वागतका क्रममा समर्थकहरूले भोजिन्हालाई राष्ट्रिय हिरोको सम्मान दिएका थिए। उनको उत्कृष्ट गोलरक्षाको प्रशंसा गर्दै समर्थकले ताली बजाएर स्वागत



गरेका थिए भने उनलाई हेर्न ठूलो संख्यामा फुटबलप्रेमी उपस्थित भएका थिए।

भोजिन्हा व्यावसायिक फुटबल खेल्न जाँदा चिलीमा उनलाई भव्य स्वागत गरिएको हो। भोजिन्हा दक्षिण अमेरिकी राष्ट्र चिलीको कोलो-कोलो क्लबमा अनुबन्ध भएका छन्। दक्षिण अमेरिकी फुटबलमा छुट्टै परिचय बनाएको कोलो-कोलोसँग भोजिन्हाले १८ महिनाको सम्झौता गरेका छन्। त्यही समझौता अनुरुप व्यावसायिक फुटबल खेल्न उनी चिली पुगेका हुन्।

विश्वकपमा आफ्नो देशलाई ऐतिहासिक उचाइमा पुऱ्याउने क्रममा देखाएको साहस र समर्पणका कारण भोजिन्हाप्रति विश्वभरको आकर्षण बढ्दो छ। केप भर्डे पहिलोपटक विश्वकपको मुख्य प्रतियोगितामा सहभागी भएको हो। सीमित स्रोतसाधन र करिब पाँच लाख जनसंख्या भएको सानो अफ्रिकी मुलुकले विश्व फुटबलका ठूला राष्ट्रसँग प्रतिस्पर्धा गर्दै देखाएको प्रदर्शनलाई ऐतिहासिक मानिएको छ। यस्तो अवस्थामा भोजिन्हाको प्रदर्शनले टोलीको आत्मविश्वास बढाउनुका साथै देशकै फुटबललाई अन्तर्राष्ट्रिय पहिचान दिलाउन महत्वपूर्ण भूमिका खेलेको छ।

भोजिन्हाको लोकप्रियता बढ्दै जाँदा उनको व्यक्तिगत जीवनसमेत चर्चामा आएको छ। विश्वकपका क्रममा उनकी आमाले अमेरिकामा पुगेर छोराको खेल प्रत्यक्ष हेर्न नसकेको विषय पनि चर्चामा आएको थियो। आर्थिक तथा भिसासम्बन्धी समस्याका कारण परिवार खेलस्थलमा उपस्थित हुन नसकेको भोजिन्हाको भावुक अभिव्यक्तिपछि उनको परिवारलाई सहयोग गर्न अमेरिकी अधिकारीहरूले समेत पहल गरेका थिए।

सानो देश, ठूलो सपना र अनुभवी गोलरक्षकको अद्भुत प्रदर्शन, केप भर्डेको विश्वकप यात्रालाई यही कथाले परिभाषित गरेको थियो। त्यही कारण भोजिन्हाको नाम अब केप भर्डेको फुटबल इतिहासमा मात्र होइन, विश्वकपको रोमाञ्चक कथामा समेत विशेष रूपमा लेखिएको छ।



नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**